म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक २५० सोमबार, १४ बैशाख २०८३ ने. सं. ११४६ बछलाथ्व 27 April 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## वडा कार्यालयद्वारा ज्येष्ठ नागरिक्लाई धार्मिक क्षेत्रको भ्रमण

हेटौंडा, १३ वैशाख/ हेटौंडा उपमहानगरपालिकाको ६ नं. वडा कार्यालयले वडामा रहेका ज्येष्ठ नागरिकहरुलाई धार्मिक क्षेत्रको भ्रमण गराएको छ । वडा कार्यालयको चालू आव ०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार भ्रमणको आयोजना गरिएको हो । ज्येष्ठ नागरिकलाई ऐतिहासिक धार्मिक स्थल रामजानकी मन्दिर, धनुषाधाम र पर्यटकीय क्षेत्र भरत तालको अवलोकन गराइएको भ्रमण दलमा सहभागी वडा सचिव सिताराम रिमालले बताए ।

वडा अध्यक्ष विष्णुबहादुर दाहालको नेतृत्वमा रहेको भ्रमण दलमा वडा सदस्य विजय पौडेल, टोल विकास संस्था वडा समन्वय समिति, हेटौंडा ६ का अध्यक्ष बासुदेव खतिवडा, सञ्चारकर्मी, वडामा रहेका ज्येष्ठ नागरिक मञ्चका पदाधिकारी, टोल विकास संस्थाका ज्येष्ठ नागरिकसमेत गरी एकसयभन्दा बढीको सहभागिता थियो ।

# 'मूल्य समायोजन मार्ग निर्देशिका' जारी गर्न निर्माण व्यवसायीको माग

## 'सुशासनको परिकल्पना गरेको सरकारविरुद्ध आन्दोलन गर्नु नपरोस्'

साझाकुरा संवाददाता




हेटौंडा, १३ वैशाख/ बागमती प्रदेश निर्माण व्यवसायी महासंघले निर्माण सामग्रीको अस्वाभाविक मूल्यवृद्धि र इन्धन अभावका कारण निर्माण उद्योग गम्भीर संकटमा परेको जनाएको छ ।

महासंघले सरकार समक्ष तत्काल हस्तक्षेपको माग गर्दै निर्माण व्यवसायीहरू आर्थिक, सामाजिक तथा व्यावसायिकरूपमा धरासयी स्थितिमा रहेकोले म्याद थप अपरिहार्य रहेको जनाएको छ । आइतबार हेटौंडामा पत्रकार सम्मेलन आयोजना गर्दै महासंघ अध्यक्ष छत्रबहादुर तामाङले अस्वाभाविक मूल्यवृद्धिले व्यावसायीहरूको निर्माण लागत अस्वाभाविकरूपमा बढेको मात्रै नभई सञ्चालनमा रहेका अधिकांश आयोजनाहरू प्रभावित बनेको बताएका छन् । उनका अनुसार सरकारसँग भएको सम्झौता तथा सार्वजनिक खरिद ऐनअनुसार मूल्य समायोजनको व्यवस्था प्रभावकारीरूपमा कार्यान्वयन हुन सकेको छैन ।

निर्माण कार्य अधिबढि रहेको अवस्थामा सामग्रीको मूल्य दिन प्रतिदिन बढ्दै जाँदा पुरानै दररेटमा काम सम्पन्न गर्नुपर्ने बाध्यता व्यवसायीमाथि अन्यायपूर्ण भएको अध्यक्ष तामाङको भनाइ छ ।

पत्रकार सम्मेलनमा उनले नेपाल सरकार, सम्बन्धित मन्त्रालयहरू तथा सार्वजनिक निकायहरूलाई पटक-पटक ध्यानाकर्षण गराउँदासमेत समस्या समाधानतर्फ ठोस पहल नभएको भन्दै असन्तुष्टि जनाए । समस्या समाधानको लागि ठोस पहल नगरी दुई महिनादेखि मौखिक आश्वासन मात्रै दिने गरेको अध्यक्ष तामाङले आरोप लगाए ।

निर्माण उद्योग राष्ट्र निर्माणको प्रमुख आधार भएपनि यस क्षेत्रलाई उपेक्षा गरिनु दुःखद् भएको महासंघले उल्लेख गरेको छ । अध्यक्ष तामाङले हालको संकटले हजारौं श्रमिकको रोजगारीसमेत जोखिममा परेको बताए । निर्माण व्यवसायसँग प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा जोडिएका श्रमिक, प्राविधिक, आपूर्तिकर्ता तथा अन्य उद्योगहरू समेत प्रभावित भइरहेका कारण यसलाई सामान्य समस्याको रूपमा लिन नहुने उनको धारणा छ ।

अध्यक्ष तामाङका अनुसार राष्ट्र बैंकले सार्वजनिक गर्ने मूल्य सूचकांकअनुसार बजारमा निर्माण सामग्रीको मूल्य निरन्तर बढिरहेको भएपनि सरकारी निकायबाट त्यसअनुसार मूल्य समायोजन नगर्दा व्यवसायीहरू थप मारमा परेको छ ।

बैंक ब्याज, बीमा, जरिवाना तथा अन्य प्रशासनिक खर्चको भार पनि बढ्दै गएको भन्दै व्यवसायीहरूको लागि तत्काल 'मूल्य समायोजन मार्ग निर्देशिका' जारी गर्नुपर्ने उनले बताए । महासंघले निर्माण कार्य समयमै सम्पन्न हुन नसक्दा आयोजनाहरूको लागत झन् बढ्ने, विकास निर्माणका काम ठप्प हुने र समग्र अर्थतन्त्रमा नकारात्मक असर पर्ने चेतावनी दिएको छ । विशेष गरी साना तथा मझौला निर्माण व्यवसायीहरू सबैभन्दा बढी संकटमा परेको उल्लेख गर्दै उनीहरूलाई तत्काल संरक्षण गर्नुपर्ने माग गरिएको छ ।

महासंघले प्रत्येक आयोजनामा मूल्यवृद्धिको अनुपात अनुसार तत्काल मूल्य समायोजनको व्यवस्था गर्न, निर्माण व्यवसायीलाई राहत प्याकेज उपलब्ध गराउन, बैंक ग्यारेन्टी, इन्स्योरेन्स तथा क्षतिपूर्ति सम्बन्धी सहजीकरण गर्न तथा निर्माण उद्योगलाई धरासयी हुनबाट जोगाउन विशेष नीति ल्याउन सरकारसँग आग्रह गरेको छ ।

अध्यक्ष तामाङले सरकारले समयमै समस्या समाधानतर्फ ध्यान नदिए निर्माण उद्योग गम्भीर संकटमा फस्नेमात्र नभई राष्ट्रिय विकासका ठूला-साना सबै आयोजना प्रभावित हुने चेतावनी दिएका छन् । महासंघले सम्पूर्ण सरोकारवाला निकायलाई तत्काल पहल गर्न आग्रह गर्दै निर्माण व्यवसायीको अस्तित्व जोगाउन विशेष कदम चाल्न अपिल गरेको छ । कोभिडको महामारीपछि पहिलोपटक निर्माण क्षेत्रमा यस्तो संकट आएको उनको भनाइ छ ।

पत्रकार सम्मेलनमा अध्यक्ष तामाङले विकास र सुशासनको परिकल्पना गरेको सरकारविरुद्ध आफूहरु आन्दोलन गर्ने पक्षमा नरहेको स्पष्ट पारे । निर्माण व्यवसायीहरुले आन्दोलन नगर्ने वातावरण बनाउन उनले सरकारसंग आग्रह गरे । विगतमा सांसद्हरुले कार्यकर्तालाई रिझाउन बजेटको सुनिश्चिता बिना योजनाहरु छनौट गर्ने परिपाटीले समयमै सम्पन्न हुन नसकेको उनले उल्लेख गरे ।

अध्यक्ष तामाङले प्रभावकारिताको आधारमा योजना अगाडि बढाउनुपर्नेमा जोड दिएका छन् । निर्माण व्यवसायमा सुधार्न सरकार र व्यवसायी दुबै सुध्रन जरुरी रहेको उनको धारणा छ । एउटै निर्माण कम्पनीले धेरै योजनाहरु होल्ड गर्ने प्रवृत्ति ऐनमै व्यवस्था गरेर अन्त्य गर्नुपर्ने उनले बताए ।

अध्यक्ष तामाङले तोकिएको लागत र समय सीमाभित्र गुणस्तरीय काम नगर्ने व्यवसायीहरुले पनि उन्मुक्ति नपाउने उल्लेख गरे । सुशासन र समृद्ध नेपाल बनाउन व्यवसायीहरु सरकारसंग हातेमालो गर्न तयार रहेको उनले बताए ।

बोलपत्र नै ह्याक गरेको आरोपमा पक्राउ परेको राप्रपाका उपाध्यक्ष एवम् निर्माण व्यवसायी बिक्रम पाण्डेतर्फ संकेत गर्दै अध्यक्ष तामाङले कानुन विपरीत गतिविधि गरेका व्यवसायीहरु कानुनको दायरमा आउनुपर्ने बताए तर, छानबिन र अनुसन्धानको नाममा व्यवसायीहरुलाई प्रहरी हिरासतमा राखिनु गलत भएको उनले जिकिर गरे । निर्माण व्यवसायीहरुको मागपत्र समेटिएको ज्ञापनपत्र सोमबार बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँलाई बुझाउने पनि अध्यक्ष तामाङले जानकारी दिएका छन् ।

# सरकारी कार्यालयका शौचालय सरसफाइ कार्यविधि-२०८३ जारी




साझाकुरा संवाददाता

हेटौंडा, १३ वैशाख/ सरकारी कार्यालयहरूमा रहेका शौचालयहरूको अवस्था सुधार गर्ने उद्देश्यले खानेपानी मन्त्रालयले पहिलो पटक 'शौचालय सरसफाइ कार्यविधि-२०८३' जारी गरेको छ ।

यस कार्यविधिले सरकारी निकायहरूमा शौचालय प्रयोग, सरसफाइ, व्यवस्थापन र अनुगमन सम्बन्धी स्पष्ट मापदण्ड तय गरेको छ ।

खानेपानी मन्त्रालयका अनुसार अब सबै सरकारी कार्यालयहरूले आफ्ना शौचालयहरू कार्यालय समयभर सर्वसाधारण तथा सेवाग्राहीका लागि खुला राख्नुपर्नेछ । यसअघि कतिपय कार्यालयका शौचालय सफा नहुने, दुर्गन्धित हुने गुनासो आउने गरेकामा नयाँ कार्यविधिले त्यस्तो अभ्यासलाई निरुत्साहित गरेको छ ।

कार्यविधिमा सरसफाइलाई प्राथमिकतामा राख्दै दिनमा कम्तीमा दुई पटक अनिवार्य सफाइ गर्नुपर्ने व्यवस्था गरिएको छ । तोकिएको सरसफाइ कर्मचारीले विहान ९ बज्नुअघि र दिउँसो १ देखि २ बजेको बीचमा शौचालय तथा त्यसको परिसर पूर्णरूपमा सफा गरि सक्नुपर्नेछ । प्रयोग भइरहेकै समयमा पनि आवश्यक देखिएमा तुरुन्तै फोहर हटाउनुपर्ने प्रावधान राखिएको छ ।

यसैगरी, शौचालयभित्र रहेका धारा, सिङ्क वेसिन, कमोड, प्यान, युरिनललगायत सबै संरचना नियमितरूपमा सफा राख्नुपर्ने उल्लेख छ । सरसफाइ सतहमा सीमित नराखी भुइँ, भित्ता, सिलिङ, झ्याल-ढोका र बत्तीसमेत सफा गर्नुपर्ने व्यवस्था गरिएको छ, जसले समग्र स्वच्छता सुनिश्चित गर्ने अपेक्षा गरिएको छ ।

कार्यविधिले सरसफाइ सामग्रीको उचित प्रयोगमा पनि जोड दिएको छ । कार्यालयले उपलब्ध गराएको सरसफाइ तथा वास्नादार सामग्रीको जिम्मेवारी कर्मचारीले लिनुपर्ने र स्वास्थ्यमा असर नपर्ने गरी सन्तुलित मात्रामा प्रयोग गर्नुपर्ने उल्लेख गरिएको छ । प्रत्येक सफाइपछि शौचालयमा वास्नादार सामग्री प्रयोग गर्नुपर्ने व्यवस्था पनि गरिएको छ ।

त्यस्तै, सेवाग्राहीलाई सचेत गराउन शौचालयभित्र आवश्यक सूचना र संकेतहरू राख्नुपर्ने व्यवस्था गरिएको छ । सेवाग्राहीको चाप र सुविधालाई ध्यानमा राख्दै आवश्यक थप व्यवस्थापन गर्न सकिने लचिलो प्रावधान पनि कार्यविधिमा समेटिएको छ । मन्त्रालयका अनुसार यो कार्यविधि सरकारी कार्यालयहरूमा देखिँदै आएको अस्वच्छ शौचालय व्यवस्थापनको समस्या समाधान गर्ने महत्वपूर्ण कदम हो ।

यस कार्यविधिको प्रभावकारी कार्यान्वयन भएमा सरकारी कार्यालयहरूमा सेवाग्राहीले स्वच्छ र सुरक्षित शौचालय प्रयोग गर्न पाउने विश्वास गरिएको छ । साथै, यसले सार्वजनिक संस्थाहरूमा सरसफाइ संस्कृतिको विकासमा पनि योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।




# १३ वटा ओभरलोड टिपर नियन्त्रणमा



साझाकुरा संवाददाता

हेटौंडा, १३ वैशाख/ मकवानपुर प्रहरीले ओभरलोड सामग्री बोकेका १३ वटा टिपर नियन्त्रणमा लिएको छ ।

शनिबार साँझ करिब ६ बजे हेटौंडा उपमहानगरपालिका-१९ नेवारपानी क्षेत्रमा गस्तीमा खटिएको प्रहरी टोलीले मनहरीबाट हेटौंडातर्फ आउँदै गरेका टिपरहरू जाँच गर्ने क्रममा उक्त सवारी साधन नियन्त्रणमा लिएको हो । प्रहरीले जाँचका क्रममा टिपरहरूमा चुनढुङ्गा ओभरलोड भएको तथा आवश्यक विल (कागजात) समेत नभएको फेला पारेको जनाएको छ । ती सवारी साधनहरू नियन्त्रणमा लिएर जिल्ला प्रहरी कार्यालय मकवानपुरमा ल्याइएको र हाल आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ ।

नियन्त्रणमा लिइएका टिपरहरूमा म.प्र.०३-००१ क २५९५, म.प्र.०३-००१ क २५८१, बा.प्र.०३-००१ ख १२७३, बा.प्र.०३-००१ ख १२७२, ना ८ ख ४३८२, म.प्र.०३-००१ क २५९१ रहेका छन् । यस्तै, म.प्र.०३-००१ क २५८३, बा.प्र.०३-००१ ख १२७०, ना ८ ख ५०२९, ना १ क ८७०१, ना १ क ८६९८, ना १ क ८६९६ र बा.प्र.०३-००१ ख ४६६२ नम्बरको टिपर प्रहरी नियन्त्रणमा रहेका छन् ।

# श्रीचन्द्र शर्मा स्मृति सम्मान कल्पना राउतलाई प्रदान गरिने

साझाकुरा संवाददाता



हेटौंडा, १३ वैशाख/ मदन भण्डारी फाउन्डेसन मकवानपुरले यसवर्षको 'श्रीचन्द्र शर्मा स्मृति सम्मान' फुटबल खेलाडी तथा रेफ्री कल्पना राउत (शर्मा) लाई प्रदान गर्ने निर्णय गरेको छ ।

फाउन्डेसनका संस्थापक अध्यक्ष स्व. श्रीचन्द्र शर्माको स्मृतिमा हरेक वर्ष प्रदान गरिँदै आएको नगद १५ हजार पाँचसय ५५ रुपैया राशिसहितको उक्त सम्मान यसवर्ष राउतलाई दिने निर्णय गरिएको हो ।

शनिबार फाउन्डेसनका अध्यक्ष रघुनाथ खुलालको अध्यक्षता एवम् बागमती प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणि पौडेलको प्रमुख आतिथ्यतामा बसेको बैठकले आगामी वैशाख २० गते विशेष कार्यक्रम आयोजना गरी सम्मान प्रदान गर्ने निर्णय गरेको हो । खेलकुदको माध्यमबाट समुदायमा महत्वपूर्ण योगदान पुऱ्याएको भन्दै उहाँलाई सम्मानकालागि छनोट गरिएको फाउन्डेसनले जनाएको छ ।

सम्मान प्रदानकालागि फाउन्डेसनका उपाध्यक्ष धर्म बस्नेतको संयोजकत्वमा सचिव कुमार केसी र सहसचिव चन्द्रावती पनेरु सदस्य रहेको तीन सदस्यीय सिफारिस समिति गठन गरिएको थियो । उक्त समितिको सिफारिसका आधारमा राउतलाई सम्मानित गर्ने निर्णय गरिएको अध्यक्ष खुलालले जानकारी दिएका छन् ।

राउत नेपाली महिला फुटबल क्षेत्रमा सक्रिय खेलाडी तथा रेफ्रीका रूपमा परिचित हुन् । महिला फुटबलमा मकवानपुर जिल्लाबाट अन्तर्राष्ट्रियस्तरमा प्रतिनिधित्व गर्ने राउत नेपाली महिला फुटबल जगतमा पहिलो महिला फिफा रेफ्रिसमेत रहेकी थिइन् भने दक्षिण एसियाको समेत पहिलो महिला फिफा रेफ्रिकारुपमा परिचित छिन् ।

त्यस्तै, बैठकले फाउन्डेसनले यसअघि आयोजना गरेको कार्यक्रमहरुको समिक्षा गर्नुका साथै आगामी कार्यक्रमहरूबारे समेत छलफल गरेको अध्यक्ष खुलालले बताएका छन् । फाउन्डेसनले यसअघि पुस्तक प्रकाशन, सकारात्मक सोचसम्बन्धी अनुशिक्षण र यो वर्षको क्यालेन्डर प्रकाशन गरेको थियो । बैठकमा उक्त कार्यक्रमहरु सफल भएको निष्कर्ष निकालिएको उनले बताए । यस्तै, बैठकले आगामी जेठ २ र ३ गते दुई दिने कार्यक्रम गरेर मदन-आश्रृत स्मृति दिवश मनाउने निर्णय गरेको अध्यक्ष खुलालले बताए ।

साझाकुरा

## हाम्रो कुरा

# आगलागीबाट जोगिने कसरी ?

दैनिक जीवनमा हामी आगोसँगको संसर्गमा हुन्छौं । आगोबिनाको जीवन कल्पनै गर्न सकिन्नँ । खाना पकाउन, न्यानो बनाउन आगो नै चाहिन्छ । आगोको उपयोगितालाई महत्व दिएरै होला अग्नि पूजा गर्ने परम्परा हाम्रो संस्कारमा छ । उद्योग कलकारखाना चलाउन पनि आगो चाहिन्छ । मानवीय जीवनलाई सुगम बनाउने आगोलाई राम्रोसँग व्यवस्थापन गर्न जानिएन भने बहुउपयोगी आगो विध्वंशको कारक बन्छ । दिनुहुँ कतै न कतै आगलागी भएकै हुन्छ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको बुलेटिनमा आगलागीको घटना नभएको दिन पाउन दुर्लभ छ । आगो ताप्दा वा खाना पकाउँदा आगोले पोलेर ज्यान जाने, गम्भीर घाइते हुने घटना पनि उत्तिकै छन् । बालबालिका र भान्सामा काम गर्ने मानिस आगोको जोखिममा बढी छन् । आगलागी हुने वा आगो प्रयोग गर्दा विभिन्न दुर्घटना हुने अनेक कारण छन् । नेपालमा आगलागीको जोखिम कम गर्ने एवम् आगो निभाउने प्रविधि, उपकरण र जनशक्ति कम छन् ।

मध्य पहाडतिरका घरमा तल्लो तलामा गाईभैंसी बाँध्ने र माथिल्लो तलामा मान्छे बस्ने चलन छ । खरले छाएको गोठ/घरमा खाना पकाउँदा आगोले छानो टिपेर आगलागी भएका अनेकौं उदाहरण छन् । आगो नियन्त्रण गर्न नसक्दा घर/गोठमा रहेका सरसमानका साथै पशुपन्छीसमेत जलेर मर्ने गरेका छन् । आगो निभाउने प्रविधि र जनशक्ति नहुँदा समयमै आगो निभाउन सकिएको छैन । गोठको भुइँतलामा एक छेउमा कोठा निकालेर त्यस कोठामा चुलो बनाएर पकाउने चलनले गोठमा हुने आगलागी निकै कम भएका छन् । खरको छानोलाई जस्तापाताले विस्थापित गर्नु आगलागीको जोखिम कम गर्ने एउटा उपाय हो । सरकारले खर र फुसको छाना जस्तापाताले विस्थापन गर्ने रणनीति लिएपछि आगलागीको जोखिम कम भएको छ । साथै, आगलागीको जोखिम कम गर्ने वा आगलागी भइहाले तुरुन्तै निभाउन सकिने उपाय अवलम्बन गर्न जरुरी छ ।

गाउँबस्तीमा आगोको जोखिम कम गर्ने उपाय अग्नि नियन्त्रणको उपयुक्त प्रविधि नै हो । बजारको साँघुरो बनौटले आगो फैलिने स्थिति हुन्छ भने मट्टितेल जस्ता तुरुन्तै आगोले टिप्ने सामग्री पसलमा भण्डारण गर्दा आगलागीको जोखिम बढ्छ । बजारका पसलमा राखिएका डिजेल, पेट्रोल, मट्टितेल, खाने तेल, घ्यू आगोले टिपेपछि निभाउन सकिँदैन । त्यसैले असुरक्षित स्थानमा राखेर ती बस्तु बिक्री गर्नु हुँदैन । गुचुमुच्च परेका बस्तीमा आगलागीको जोखिम अधिक हुन्छ । हिजोआज बाटोको तलमाथि र दायाँबायाँ लहरै जोडेर घर बनाउने गरिएको छ । आगलागीका दृष्टिले यो ठूलो जोखिम निम्त्याउने कारक हो । बजार नजिकै पानीको जोहो गरेर, समुदायमा आगो नियन्त्रण तालिम दिएर पूर्वतयारी गर्नु राम्रो हुन्छ । चट्याङ्ग, हुरिबतास आदिका कारणले पनि आगलागी हुन सक्छ । हिउँद र सुख्खायाममा आगलागीको जोखिम बढी हुन्छ । प्रतिकूल मौसम जस्ता प्राकृतिक कारण हुने आगलागीबाट कैयौंको ज्यान जान्छ । घाइते भएर जीवनभर दुःख पाउनुपर्ने हुन्छ । सानो असावधानीले करोडौंको धनमाल नष्ट हुन्छ । त्यसैले आगलागीको जोखिम कम गर्न सरकारी, निजी क्षेत्र तथा समुदायले अनवरत प्रयत्न गर्नु आवश्यक छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८३ वैशाख १५ गते मंगलबार २८ अप्रिल २०२६ । द्वादशी, वैशाख शुक्लपक्ष । बछलाध्व ११४६ ने.सं. । सूर्योदय ५:२९ सूर्यास्त ६:३५ । राष्ट्रिय चिया दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : व्यापारमा फाइदा मिल्नेछ | **तुला** | : प्रतिष्ठित काम पाइनेछ |
| **वृष** | : इनाम हात पर्नेछ | **वृश्चिक** | : सामाजिक दायित्व बढ्नेछ |
| **मिथुन** | : श्रम खेर जानेछ | **धनु** | : काममा सहयोग मिल्नेछ |
| **कर्कट** | : पढाइमा प्रगति हुनेछ | **मकर** | : अनावश्यक खर्च हुनेछ |
| **सिंह** | : उत्साहमा कमी आउनेछ | **कुम्भ** | : चिताएको काम बन्नेछ |
| **कन्या** | : आफन्तबाट धोका हुनेछ | **मीन** | : नसोचेको फाइदा पाइनेछ |

# बालेन सरकारसँग डायस्पोराको अपेक्षा



✍डा. जितु उपाध्याय

विक्रम संवत २०८२ अर्थात् सन् २०२५-२६ नेपाली राजनीतिले अन्तर्राष्ट्रिय क्षेत्रको व्यापक ध्यान तान्यो । २३ र २४ भदौमा भएको जेनजी आन्दोलनले नेपालको परम्परागत राजनीतिक ट्रेन्ड मात्रै बदलेन, पुराना र पर म्परागत राजनीतिक पार्टीलाई एक प्रकारले बढारिदियो । आन्दोलनको ६ महिनापछि भएको चुनावी नतिजा ती दलहरूका लागि अप्रत्याशित र अकल्पनीय बन्यो । तीन दशकदेखि तीन दलका शीर्ष नेताहरूबीच सीमित सत्ताको म्युजिकल चेयर चुनावी परिणामले कम्तीमा पाँच वर्षका लागि विराम लगाइदियो ।

रास्वपाका वरिष्ठ नेता बालेन्द्र शाह शक्तिशाली सरकारको प्रधानमन्त्री बनेका छन् । ऐतिहासिक जनमत पाएको रास्वपाको एकल सरकार छ यतिबेला । सरकार गठन भएको पनि तीन साता पुगेको छ । सरकारले सेवा प्रवाहलाई चुस्त, सहज र सरल बनाउन विभिन्न पहल गरिरहेको छ । नागरिक अपेक्षा सम्बोधन गर्ने गरी सरकारले चालिरहेका सुरुवाती कदमहरूको कार्यान्वयन कति होला, त्यो आगामी दिनमा देखिने नै छ । तर, अहिलेका लागि पनि सरकारको सुरुवाती कामलाई भने सुविधाको शंका वा शंकाको लाभ दिनैपर्छ ।

**बालेनको विश्वव्यापी बहस**

३६ वर्षका प्रधानमन्त्री बालेन्द्र शाह विश्वका १०० प्रभावशाली व्यक्तिको सूचीमा अटाएको खबरले उनको विश्वव्यापी चर्चालाई पुष्टि गर्दछ । विश्वविख्यात टाइम्स म्यागेजिनले बालेन्द्रलाई स्न २०२६ का विश्वका १०० प्रभावशाली व्यक्तिहरूको सूचीमा राखेको हो । प्रजातन्त्र प्राप्तिपछि नेपालको इतिहासमै कान्छो जननिर्वाचित प्रधानमन्त्री बालेन्द्र शाह यतिबेला कुनै एक उमेर समूहभन्दा पनि ठूलो जनसंख्याको बलियो आशाको केन्द्र बनेका छन् ।

करिव चार वर्षअघि काठमाडौंको मेयरमा स्वतन्त्र उम्मेदवारका रूपमा राजनीतिक वृत्तमा चर्चामा आएका बालेनले छोटो समयमै सबैलाई चकित पार्ने गरी राजनीतिक छलाङ मारे । काठमाडौंको मेयरमा स्वतन्त्र उम्मेदवार का रूपमा जनताको ठूलो समर्थन पाएर विजयी भएका उनले प्रधानमन्त्रीमा पनि उस्तै समर्थन पाए । यसले उनको सर्वस्वीकार्य छवि र व्यक्तिलाई चिनाउँछ ।

जनताको ठूलो विश्वासका साथ प्रधानमन्त्री बनेका बालेनका लागि कति सजिलो छ ? यो एक महिनाको बीचमा उनले अनुभव पक्कै गरिसकेका होलान् । काठमाडौं महानगरको फोहोर व्यवस्थापनमा विदेशी स्वार्थका कारण काम गर्न नसकेको सार्वजनिक रूपमै स्वीकार गरेका थिए उनले । तर अहिले उनी मुलुककै प्रधानमन्त्री भएका कारण त्यो स्वार्थको दायरा अझै फराकिलो हुने निश्चित छ । त्यसलाई चिरेर उनले जनताको विश्वासलाई न्याय गर्न सक्लान् भन्ने चासो यतिबेला सर्वत्र छ ।

सरकार गठन लगत्तै बालेन सरकारले पहिलो मन्त्रिपरिषद् बैठकबाट पारित गर्दै 'शासकीय सुधारका १०० बुँदा सार्वजनिक गरेको छ । अधिकांश बुँदामा कार्यान्वयका लागि निश्चित समय तोकिदिएको छ । लामो समयसम्म जनताले व्यवस्था परिवर्तनको अनुभूति गरेको तर अवस्था परिवर्तनको अनुभूति नगरेकोले एक कार्यदिशालाई निकै गम्भीर रुपमा लिएका छन् ।

विगतका सरकारले सेवा प्रवाहलाई प्रभावकारी र जनमुखी बनाउन कर्मचारीतन्त्रबाट सहयोग नपाएको गुनासो बारम्बार गर्दै आएका थिए । कतिसम्म भने जेनजी आन्दोलनपछि बनेको सुशीला कार्की नेतृत्वको सरकारले पनि कामलाई प्रभावकारी बनाउन कर्मचारीले सहयोग नगरेको आरोप लगाए । चाहे मन्त्रीहरू होउन् वा स्वयम् प्रधानमन्त्री कार्की, सत्ताबाट बाहिरिने बेला कर्मचारीतन्त्रमा व्यापक सुधारको खाँचो औंल्याइएको थियो । यस्तो अवस्थामा बालेन्द्र सरकारलाई ब्यूरोक्रेसीबाट कस्तो सहयोग होला, यो चासोको विषय छ । कर्मचारीको कार्यशैली र उनीहरूको सक्रियताले देखाउनेछ, बालेन सरकारको प्रभावकारितालाई पनि । १०० बुँदाले आमनागरिकमा देखाएको आशालाई कार्यान्वयन गराउन प्रधानमन्त्री कार्यालयलाई बलियो बनाउन खोजिएको छ । सरकारको कामलाई प्रभावकारी बनाउन विभिन्न संयन्त्रहरूको निर्माण गरिएको छ । जुन आवश्यक पनि छ ।

कर्मचारीतन्त्रको परम्परागत कार्यशैली, परिणामभन्दा पनि प्रक्रियामुखी सेवा प्रवाहमा व्यापक सुधारको खाँचो छ । सेवा प्रवाहलाई डिजिटल बनाउन जरुरी छ । सरकारले यतातर्फ ध्यान दिएको पाइन्छ । सरकारले प्रशासनिक पुनसंरचना, डिजिटल शासन, पारदर्शिता, भ्रष्टाचार नियन्त्रण, सुशासन, छिटो सेवा प्रवाह गर्न खोजेको छ । सरकारले कार्यतालिकासहित १०० बुँदै कार्ययोजना सार्वजनिक गरेकाले पनि कर्मचारीतन्त्रलाई सोहीअनुसार आफूलाई सुधार्दै अभ्यस्त बनाउन बाध्य बनाएको छ ।

प्रधानमन्त्रीको सपथ खानुअघि नै बालेनले प्रधानमन्त्री कार्यालयमार्फत् हरेक मन्त्रालयबाट तत्काल सुधारका महत्वपूर्ण कामको सूची मागेका थिए, जसमा उक्त सुधारका काम गर्न लाग्ने समय पनि उल्लेख गर्न भनिएको थियो । सोही बमोजिम मन्त्रिमण्डल गठन भएपछि बसेको पहिलो बैठकबाटै १०० बुँदे सुधारका कार्ययोजना ल्याइएको थियो । मन्त्रीहरूलाई आफू मातहतका कामहरू समयमै सम्पन्न भए नभएको र त्यसको प्रभावकारी कार्यान्वयनका लागि निरन्तर काम गर्न प्रधानमन्त्रीले निर्देशन दिइसकेका छन् ।

**डायस्पोराको भावना**

विश्वका अधिकांश मुलुकमा नेपालीहरू पुगेका छन् । उनहिरूको संख्यात्मक उपस्थिति पनि बढ्दो छ । देशभित्रको राजनीतिक अस्थिरता, बेरोजगारी, द्वन्द्व, अनिश्चित र अन्यौलपूर्ण भविष्यलगायत विविध कारणले मुलुक छोड्नेका संख्या बढ्दै गएको यथार्थ हो ।

पछिल्लो समय त देशभित्रै राम्रो गरि रहेकाहरू पनि थप अवसर र सुरक्षित भविष्यका लागि देश छोडिरहेका छन् । अनौपचारिक तथ्यांक अनुसार करिव ६० लाखभन्दा बढी नेपाली देशबाहिर छन्, यो संख्या भारतभन्दा बाहेकको हो । जुन देशमा जे कारणले पुगे पनि उनीहरूको नेपालप्रतिको माया र दायित्व कम छैन । आफ्नो कर्मभूमिको आर्थिक प्रगति, डेलिभरी, डिजिटल सर्भिस जस्ता कुरा नेपालमा भइदिए हुन्थ्यो भन्ने उनीहरूको ठूलो चाहना छ । त्यसैले पनि होला अहिलेको राजनीतिक परिवर्तन र चुनावी नतिजामा आएको अकल्पनीय बदलावमा देशबाहिर रहेका नेपालीहरूको भूमिका महत्वपूर्ण थियो । यो कुरा रास्वपा र स्वयम् प्रधानमन्त्रीले पनि स्वीकार गरेको हुनुपर्छ ।

प्रधानमन्त्री बालेन्द्र शाह नेतृत्वको सरकारले संसद्मा राष्ट्रिय मान्यताप्राप्त ६ वटा राजनीतिक दलका घोषणापत्र, वाचापत्र र प्रतिबद्धतापत्रको अध्ययन गरी १८ बुँदे 'राष्ट्रिय प्रतिबद्धता' को मस्यौदा सार्वजनिक गरिसकेको छ । राष्ट्रिय प्रतिवद्धता पत्रमा पनि विदेशमा रहेका नेपालीहरूलाई सम्बोधन गरेको छ, जुन स्वागतयोग्य छ ।

विदेशमा रहेका नेपालीहरूको पुँजी, अनुभव र उनीहरूको श्रमलाई मुलुकको विकासमा लगानी गर्ने उद्धेश्य वार्षिक एक खर्ब रुपैयाँको 'डायस्पोरा बन्ड' जारी गर्ने घोषणा गरेको छ । त्यतिमात्रै होइन, विदेशमा रहेका नेपालीलाई मतदानको अधिकार सुनिश्चित गर्नेदेखि 'सुप्रिम अर्गानिक इन्भेष्टर' को मान्यता दिनेसम्मका योजनाहरू प्रतिवद्धतापत्रको मस्यौदामा समेटिएका छन् । 'एकपटकको नेपाली सधैंको नेपाली' भन्ने मान्यतालाई अहिलेको सरकारले सुनिश्चित गर्ने प्रतिवद्धता जनाएको छ । दोहोरो कर प्रणालीलाई सुल्झाउने र उनीहरूलाई नेपालमा लगानीका लागि फास्ट ट्र्याक नीति बनाउने प्रतिवद्धताले सरकारप्रति डायस्पोरालाई मुलुकप्रति लगानी गर्न प्रेरित गर्ने निश्चित छ तर यसका लागि प्रतिवद्धतापत्रहरू कागजमै सीमित हुन्छन् वा व्यवहारमा कार्यान्वयनमा हुन्छन्, त्यो हेर्न बाँकी छ ।

भदौ २३ र २४ गतेको जेनजी आन्दोलनको जगमा प्राप्त जनादेश अनुसार बनेको यो सरकारलाई देशभित्र रहेका र बाहिर रहेका नेपालीहरूको विश्वासलाई कमजोर बन्न दिने छुट छैन । विगतमा गठबन्धनको सरकार बन्ने र मुलुकमा व्याप्त कुशासनको विरुद्धमा जनताले यसपटक रास्वपालाई झण्डै दुई तिहाई मत दिएका छन् । त्यति मात्रै होइन, देशको ठूलो संख्या आफ्नो आइकन मान्ने बालेन्द्र शाह मुलुकको शक्तिशाली प्रधानमन्त्री छन् ।

उनले चाहेमा मुलुकको विकासका लागि आवश्यक पर्ने कानुनी, प्रशासनिक, संरचनागत र कार्यशैलीगत समस्यालाई सुधार गर्न सक्छन् । यो सुविधा जनताले रास्वपा र उसको सरकारलाई दिएको छ । विगतमा व्यवस्थालाई दोष दिएर पटकपटक आन्दोलन गर्नुपर्ने तर मुलुकमा व्यवस्था परिवर्तन भए पनि देशको र जनताको अवस्थामा तात्विक भिन्नता नहुने परिस्थितिको अन्त्य हुनैपर्छ । आशा गरौं, जनताको विश्वासलाई थप बलियो र मजबुत बनाउँदै सबैको सहभागितामा नेपाल समृद्धिको बाटोमा लैजान सरकार सफल हुनेछ ।

*(साभार: अनलाइनखबर)*

# विद्यालयमा अब कलम मात्र नभई 'बल' पनि अनिवार्य

✍कविरस शर्मा

नेपालको शैक्षिक र खेलकुद इतिहासमा सन् २०२६ एउटा यस्तो मोडका रूपमा अंकित भएको छ, जहाँ सरकारले 'राष्ट्रिय प्रतिबद्धता' मार्फत खेलकुदलाई केवल मनोरञ्जन वा अतिरिक्त क्रियाकलापमा मात्र सीमित नराखी विद्यालय पाठ्यक्रमकै अभिन्न र अनिवार्य अंग बनाउने क्रान्तिकारी घोषणा गरेको छ ।

यो नीतिगत निर्णय सुन्दा जति उत्साहजनक र आधुनिक देखिन्छ, यसको कार्यान्वयनको बाटो भने त्यति नै चुनौतीपूर्ण छ । विद्यालय तहदेखि नै खेलकुदलाई अनिवार्य बनाउने र दक्ष खेल शिक्षकको दरबन्दी सुनिश्चित गर्ने योजनाले नेपाली खेलकुदलाई 'ग्रासरुट' बाटै उठाउने सुनौलो सपना त बाँडेको छ, तर यो सपनालाई वास्तविकतामा बदल्न कागजी योजनाभन्दा माथि उठेर संरचनात्मक सुधारकै आवश्यकता छ । खेलकुदलाई 'सफ्ट पावर' र 'क्रिकेट कूटनीति' का रूपमा प्रयोग गर्ने सरकारी सोचले समृद्ध नेपालको एउटा आधुनिक तस्वीर कोरे पनि, जबसम्म बालबालिकाले विद्यालयको चौरमा प्रशिक्षकको निगरानीमा खेल-सामग्री छुन पाउँदैनन्, तबसम्म यी सबै कुरा शब्दजाल मात्र साबित हुनेछन् ।

नेपाल सरकारले हालै सार्वजनिक गरेको पाँचबर्से कार्ययोजनाले खेलकुद क्षेत्रमा एउटा नयाँ र आशा लाग्दो तरंग पैदा गरेको छ । सातै प्रदेशमा अत्याधुनिक पूर्वाधार निर्माण गर्ने, खेलकुदलाई उद्योगकै रूपमा विकास गर्ने र विद्यालय तहदेखि नै प्रतिभा पहिचान गरी खेलाडी उत्पादन गर्ने रणनीति सैद्धान्तिक रूपमा क्रान्तिकारी छ । तर वर्तमान अवस्थालाई नियाल्ने हो भने, अधिकांश सरकारी र निजी विद्यालयहरूमा खेलमैदानकै अभाव छ । शारीरिक शिक्षा वर्षौंदेखि पाठ्यक्रममा भए तापनि त्यो केवल सैद्धान्तिक र औपचारिकतामा मात्र खुम्चिएको तीतो यथार्थ हामीसामु छ ।

यस्तो अवस्थामा शिक्षक र सहायकहरूलाई केही महिनाको तालिम दिएर रातारात विशेषज्ञ प्रशिक्षक बनाउने योजना कत्तिको व्यावहारिक होला ? दक्ष प्रशिक्षक उत्पादन हुनु र तल्लो तहबाटै व्यावसायिक खेलाडी जन्मिनुबीचको गहिरो खाडललाई पुर्न प्राविधिक र वैज्ञानिक दृष्टिकोणको आवश्यकता पर्छ । साथै, खेल प्रशासनमा राजनीतिक नियुक्ति खारेज गर्ने र व्यावसायिक नेतृत्व ल्याउने सरकारी प्रतिबद्धता आफैंमा एउटा विरोधाभासपूर्ण चुनौती हो, किनकि दशकौंदेखि राजनीतिक भागवण्डाको अखडा बनेको खेलकुद संयन्त्रलाई सफा नगरी नयाँ नीतिले मात्रै परिणाम दिनेमा विश्वस्त हुन कठिन छ ।

नेपालको वर्तमान शैक्षिक धरातललाई सूक्ष्म ढंगले नियाल्ने हो भने, एउटा गम्भीर रिक्तता प्रस्ट देखिन्छ, जुन राज्यको खेलकुदप्रतिको दशकौं लामो उदासीन नीति हो । नेपालका कानुन र नीति निर्माणका कोठाहरूमा खेलकुदलाई अझै पनि एउटा 'ऐच्छिक' मनोरञ्जन वा केवल शारीरिक कसरतको घेराभित्र मात्र सीमित राखिनु राज्यकै अदूरदर्शिता हो भन्न अब हिचकिचाउनुपर्दैन ।

विद्यालय तहबाटै खेलकुदलाई 'अनिवार्य विषय' बनाउनुपर्ने आवश्यकता आज केवल चर्चाको विषय मात्र होइन, राष्ट्रिय संकटको समाधान र भविष्यको पुँजी निर्माणको आधार शिला पनि हो । विडम्बना नै भन्नुपर्छ, हजारौं सरकारी विद्यालयहरू रहेको हाम्रो देशमा खेलकुद शिक्षकको अवस्था हेर्दा यसले हाम्रो शैक्षिक प्रणालीको कंगाल मानसिकतालाई उदाङ्गो पारेको छ । कहीँ गणित शिक्षकले त कहीँ अङ्ग्रेजी शिक्षकले आफ्नो अल्पज्ञानका भरमा विद्यार्थीलाई मैदानमा कुदाएको भरमा राष्ट्रिय गौरवका खेलाडी जन्मिन्छन् भन्ने सोच्नु सरकारको ठूलो भूल हो । खेलकुद भनेको केवल शारीरिक बलको प्रदर्शन मात्र होइन, यो त विज्ञान, व्यवस्थापन र अर्थशास्त्र पनि हो ।

हाम्रा नीति निर्माताहरू दरबन्दी सिर्जना गर्दा राज्यकोषमा भार पर्ने बहाना बनाएर पन्छिइरहेका छन् । के एउटा स्वस्थ, अनुशासित र मानसिक रूपमा तन्दुरुस्त जनशक्ति उत्पादन गर्नु राज्यकोषको 'भार' हो र ? वास्तवमा, विद्यालयमा खेलकुदका लागि लगानी नगर्नु भनेको भविष्यमा अस्पताल र सुधार गृहहरूमा अर्बौं खर्च गर्ने तयारी गर्नुजस्तै हो ।

सरकारले खेलकुदलाई केवल 'रनिङ शिल्ड' जस्ता बर्सेनि हुने औपचारिक कार्यक्रममा मात्र सीमित राखेर आफ्नो जिम्मेवारी पूरा भएको ठानेको छ । तर, सत्य त के हो भने, जग नै नभएको घर जतिसुकै अग्लो बनाए पनि त्यो ढल्न बेर लाग्दैन । हाम्रा विद्यालयहरूमा खेलकुद सिकाउने प्राविधिक ज्ञान भएका प्रशिक्षकहरूको चरम अभाव छ । अनुभवका भरमा खेलिने खेलले स्थानीय स्तरमा केहीबेरको रमाइलो त देला, तर त्यसले अन्तर्राष्ट्रिय ओलम्पिकको मञ्चमा पदक दिलाउन सक्दैन । आजको विश्वमा खेलकुद विश्वविद्यालयहरूको अवधारणाले नयाँ उचाइ लिएको छ, जहाँ खेलकुदकै समाजशास्त्र, मनोविज्ञान, इन्जिनियरिङ र प्रशासन पढाइन्छ ।

नेपालमा पनि यस्तो विश्वविद्यालयको स्थापना अब ढिला भइसकेको छ । यदि हामीले हाम्रा कलिला बालबालिकालाई 'पढोगे लिखोगे बनोगे नबाब, खेलोगे कुदोगे बनोगे खराब' जस्ता पुरातन र घातक सोचबाट मुक्त गराउने हो भने खेलकुदलाई शिक्षाको अभिन्न अङ्ग बनाउनै पर्छ । राज्यले प्रत्येक भौगोलिक क्षेत्रअनुसार, जहाँ फुटबल सम्भव छैन त्यहाँ भलिबल, जहाँ मैदान छैन त्यहाँ टेबल टेनिस वा चेसजस्ता कम खर्चिला तर प्रभावकारी इन्डोर खेलहरूलाई पाठ्यक्रममा अनिवार्यरूपमा समावेश गर्नुपर्छ ।

यसका लागि सरकारले एउटा उच्चस्तरीय अध्ययन टोली बनाएर कुन भूगोलमा कस्तो खेल र कति प्राविधिक जनशक्ति चाहिन्छ भन्ने स्पष्ट मार्गचित्र कोर्नुपर्ने समय आएको छ । नेपालमा हाल युवा तथा खेलकुद मन्त्रालय र शिक्षा मन्त्रालयको एउटै संयन्त्र बनेकाले विद्यालयमा खेलकुदको बीज रोप्नका लागि सहजीकरण हुने अपेक्षा गर्न सकिन्छ । यद्यपि यी दुवै क्षेत्रको नीति-नियमबीचको समन्वय यति फितलो छ कि विद्यालयका प्रतिभावान् विद्यार्थीहरूले आफूलाई खेलाडीको रूपमा चिनाउने कि विद्यार्थीको रूपमा भन्ने अन्योलता बढ्ने सम्भावना प्रबल छ ।

विगतमा कतिपय निजी शैक्षिक संस्थाहरूले खेलकुदलाई प्राथमिकता दिएर राम्रो नतिजा निकालेका छन्, तर के खेलकुद केवल टाठाबाठा र धनीका छोराछोरीको पेवा मात्र हुनुपर्ने हो ? नेपालको ग्रामीण क्षेत्रमा रहेको सरकारी विद्यालयमा पढ्ने निम्न आय भएका परिवारका बालबालिकामा लुकेर रहेको प्रतिभालाई राज्यको बेवास्ताले गर्दा खाडी मुलुकमा सस्तो श्रम बेच्न बाध्य बनाइरहेको छ ।

यदि हामीले विद्यालय तहबाटै खेलकुदलाई अनिवार्य र व्यावसायिक बनाउन सकेको भए, ती युवाहरू आज अन्तर्राष्ट्रिय मैदानमा राष्ट्रको झन्डा फहराइरहेका हुने थिए । नेपालमा खेलकुद विश्वविद्यालय स्थापना गर्ने हो भने यसले केवल खेलाडी मात्र उत्पादन गर्दैन, खेल सञ्चार, खेल पर्यटन र खेलकुद बजारमार्फत अर्थतन्त्रमा नयाँ आयाम पनि थप्न सक्छ । नेपालमा अन्तर्राष्ट्रिय खेलहरूलाई व्यवस्थित ढंगले अनुसन्धान र अभ्यास गर्ने हो भने नेपाल खेल पर्यटनको विश्वकै उत्कृष्ट गन्तव्य बन्न सक्छ । तर, यसका लागि सरकारको इच्छाशक्ति र लगानी दुवैको खाँचो छ । विगत र वर्तमान अवस्थामा नेतृत्व तहमा रहेका व्यक्तित्वहरूले 'स्कुल टु ओलम्पिक' को कुरा त गरिरहेका छन्, तर त्यसलाई कार्यान्वयन गर्ने ऐन र नियमहरू अझै पनि दराजका फाइलमै सीमित छन् ।

विद्यालयमा खेल शिक्षकको व्यवस्था गर्ने, पर्याप्त खेल सामग्री र आधुनिक संरचना निर्माण गर्ने र पाठ्यक्रममा सैद्धान्तिक तथा प्रयोगात्मक दुवै पक्षलाई समेट्ने काममा राज्यले कन्जुस्याइँ गर्नु भनेको राष्ट्रको मेरुदण्ड कमजोर बनाउनु हो । अभिभावकहरूमा पनि आफ्नो सन्तानलाई डाक्टर वा इन्जिनियर मात्र बनाउनुपर्ने सामाजिक दबाब छ । तर, यदि सरकारले खेलकुदमा स्पष्ट भविष्य र वृत्तिविकासको सुनिश्चितता गरिदिने हो भने त्यो मानसिकतामा आमूल परिवर्तन आउन सक्छ ।

अन्तर्राष्ट्रिय जगतमा चर्चा कमाएका नेपालका केही औँलामा गन्न सकिने खेलाडीहरूले के पुष्टि गर्छन् भने, सानैदेखि खेलमा लागेर पनि नाम, दाम र सम्मान सबै कमाउन सकिन्छ । तर, यस्ता उदाहरणहरू केवल व्यक्तिगत संघर्ष र संयोगबाट मात्र होइन, राज्यको बलियो प्रणालीबाट जन्मिने वातावरण हुनुपर्छ । आजको आवश्यकता भनेको खेलकुदलाई केवल 'एक्स्ट्रा एक्टिभिटी' का रूपमा मात्र होइन, जीवन जिउने कला र राष्ट्रिय पूँजीका रूपमा स्वीकार गर्नु हो । जबसम्म एउटा विद्यार्थीले कक्षाकोठामा जत्तिकै महत्व खेलमैदानमा पाउँदैन, तबसम्म हाम्रो शिक्षा अधुरो नै रहिरहनेछ ।

खेलकुदले विद्यार्थीलाई अनुशासित बनाउँछ, कुलतबाट जोगाउँछ र एक स्वस्थ एवं सुयोग्य नागरिक निर्माण गर्छ । एउटा कर्मशील र ऊर्जावान् राष्ट्र निर्माणका लागि विद्यालयलाई 'खेलकुदको कारखाना' बनाउनुको अब कुनै विकल्प छैन । सरकारले अब खोक्रा भाषणमा होइन, आगामी बजेट र नीतिमा खेलकुदलाई 'अनिवार्य' घोषणा गरेर राष्ट्रको गौरव बढाउने साहस देखाउनुपर्छ । खेलकुदविनाको शिक्षा वास्तवमै अपुरो हुन्छ र जगविनाको शिक्षाले देशको भविष्य अन्धकारतर्फ धकेल्छ ।

विद्यालयमा खेलकुदको अभाव हुनु भनेको विद्यार्थीको सिर्जनशीलता र शारीरिक सामर्थ्यमाथि ताल्चा लगाउनुसरह हो । समृद्ध नेपालको सपना देख्ने सरकारले विद्यालयमै खेलकुदको बीउ रोप्न अब पनि ढिला गर्नु राष्ट्रका लागि आत्मघाती साबित हुनेछ । त्यसैले, शिक्षाको यो अधुरो पाटोलाई पूर्णता दिनु नै आजको प्राथमिक राष्ट्रिय दायित्व हो । राज्यले खेलकुदलाई हेर्ने आफ्नो साँघुरो दृष्टिकोण बदलेर यसलाई विज्ञान र समृद्धिको संवाहकका रूपमा आत्मसात् गर्न सके मात्र हाम्रा विद्यालयहरूले वास्तविक अर्थमा राष्ट्रका 'गहना' उत्पादन गर्न सक्नेछन् ।

सरकारले त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानलाई अन्तर्राष्ट्रिय मापदण्डमा लैजाने र दक्षिण एसियाली खेलकुद हब बनाउने जुन सपना बाँडेको छ, त्यसका लागि ठूलो वैदेशिक लगानी र पारदर्शी बजेट व्यवस्थापन अनिवार्य छ । निजी क्षेत्रलाई प्रोत्साहित गर्ने भनिए पनि नीतिगत झन्झट र असुरक्षाका कारण लगानीकर्ताहरू अझै पर्ख र हेरकै अवस्थामा छन् । खेलाडीहरू पलायन हुनुपर्ने बाध्यतालाई अन्त्य गर्न नियमित लिग र समयमै पुरस्कारको व्यवस्था गर्ने कुरा कागजमा त लेखिएका छन्, तर व्यवहारमा पदक जितेको वर्षौंसम्म पुरस्कार नपाएका खेलाडीहरूको चित्कारले यो प्रतिबद्धतालाई जिस्क्याइरहेको भान हुन्छ ।

तसर्थ, सरकारले प्याब्सन, एन-प्याब्सनलगायत अन्य शिक्षा सम्बद्ध संस्था र राष्ट्रिय खेलकुद परिषद्सँगको सहकार्यलाई केवल कागजी सम्झौतामा मात्र सीमित नगरी स्रोत र साधनको न्यायिक वितरणमा केन्द्रित गर्नुपर्छ । खेलकुदलाई विद्यालयको अनिवार्य हिस्सा बनाउने पाँचबर्से रणनीति सफल हुनका लागि भाषणमा मात्रै होइन, बजेट र भौतिक पूर्वाधारमा सरकारको इमानदार लगानी देखिनुपर्छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# बालेन सरकारको एक महिना : सुधारका संकेत, हतारका निर्णय




काठमाडौं/राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का वरिष्ठ नेता बालेन्द्र शाहको नेतृत्वमा गठन भएको सरकारले पहिलो महिनामै केही सकारात्मक सन्देश दिन सफल भयो । त्यसको एउटा उदाहरण हो- राष्ट्रिय प्रतिबद्धतामा सबै दलका चुनावी घोषणापत्रका सकारात्मक पक्ष समेट्ने प्रतिबद्धता ।

सरकार बनेकै दिन १३ चैतमा मन्त्रिपरिषद्बाट स्विकृत एक सय बुँदे शासकीय सुधारको तेस्रो बुँदामा निर्वाचनमा सहभागी सबै र ाजनीतिक दलका घोषणापत्र, वाचापत्र र प्रतिबद्धतापत्रहरू समेटेर 'राष्ट्रिय प्रतिबद्धता' तयार पार्ने र त्यसमा नेपाल सरकारको स्वामित्व स्थापित गर्ने भनिएको थियो ।

त्यसै, अनुसार सरकारले 'राष्ट्रिय प्रतिबद्धता' को मस्यौदा तयार पारिसकेको छ । यसले मूर्त रुप लिन्छ लिँदैन अहिल्यै ठोकुवा गर्न सकिँदैन । तर, के चाहिँ भन्न सकिन्छ भने यो अवश्य राम्रो शुरुआत हो । प्राचीन ग्रीक दार्शनिक एरिस्टोटलले भनेका थिए, राम्ररी शुरुआत गर्नु भनेको आधा काम पुरा हुनु हो । एउटै गठबन्धन सर कारमा बस्दा समेत वैचारिक भिन्नताको नाममा सत्ता साझेदार अर्को दलले ल्याएको राम्रै नीति-कार्यक्रमको पनि आलोचना गर्ने विगत सम्झिँदा बालेन सरकार को यो अभ्यासलाई 'वाह' भन्न करै लाग्छ ।

यो निर्णयबाट सरकार ले कम्तिमा विरोधका लागि विरोध गर्ने गलत प्रवृत्तिबाट मुक्त हुने संकेत देखाएको छ । चिन्तनको हिसाबले महत्त्वपूर्ण हो । भविष्यमा आउने सरकारहरूले विरोधी पार्टीकै भए पनि सकारात्मक पक्ष स्विकार्नै पर्ने संस्कारको शुरुआत गरेको छ ।

झण्डै दुई तिहाई मत पाएको रास्वपा सरकारले शुरुआती लक्षण राम्रो देखाएको नेपाल सरकारका पूर्वसचिव शारदाप्रसाद त्रितालको विश्लेषण छ । उनी भन्छन्, 'यो सरकारले गठन भएको पहिलो महिनामा जे गरेको छ, त्यो विगतमा कुनै पनि सरकारले गरेको भन्दा फरक छ । विगतका सरकारहरूका धेरै समय भेटघाट र खादामालामा व्यतित हुन्थे, यो सरकारले आशा गर्ने ठाउँ दिएको छ ।'

सरकारको प्रतिबद्धता र वाचापत्र अनुसार शासकीय सुधार, सुशासन, सेवाप्रवाह जस्ता कुरामा सरकारले राम्रो संकेत देखाएको जानकारहरू बताउँछन् । प्रधानमन्त्री शाहले सिंहदरबारस्थित कार्यालयबाटै शासन सञ्चालन गरेका छन् । प्रधानमन्त्रीको बालुवाटारस्थित सरकारी निवासको सट्टा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयलाई सक्रिय बनाएका उनले जानै पर्ने औपचारिक कार्यक्रममा बाहेक नजाने बताएका छन् ।

मन्त्रिपरिषद्का अन्य सदस्यहरूले पनि विगतमा जस्तो अनावश्यक भेटघाट, उद्घाटन र पुरिने गरी माला लगाएको दृश्य सार्वजनिक भएका छैनन् । अकर्मण्य, वेथिति र विसंगति भोग्दै आएका सेवाग्राहीले नराम्रो नगर्नुलाई मात्र पनि राम्रो मान्ने अवस्था छ । प्रधानमन्त्री शाहले कूटनीतिक नियोगका प्रमुखहरूसँग गरेको सामूहिक छलफललाई धेरैले सकारात्मक रुपमा लिए ।

परराष्ट्रमन्त्री शिशिर खनालले सरकार फेरिए पिच्छे विदेशनीति नफेरिने सन्देश दिएका छन् । सरकारले प्रतिबद्धतापत्रमा उल्लेख गरेको 'बफर स्टेट' को विषय भने निकै आलोचित भयो ।

मेयर भएका बेला प्रधानमन्त्री शाहले विद्यालयहरूले दिनैपर्ने छात्रवृत्तिलाई पारदर्शी बनाउँदा वाहवाही पाएका थिए । स्वास्थ्य क्षेत्रमा उनले झण्डै त्यस्तै निर्णय गरेका छन् । सरकारी तथा निजी अस्पतालका १० प्रतिशत शैया विपन्न, असहाय र बेवारिसे बिर ामीलाई नि:शुल्क उपलब्ध गराउने व्यवस्थालाई कडाइका साथ कार्यान्वयन गर्ने निर्णयको प्रशंसा भएको छ ।

हुँदा खानेले उपचार गर्नै नसक्ने स्वास्थ्य प्रणाली भएको देशमा यस्तो प्रावधान कार्यान्वयन हुनै पर्ने जानकारहरू बताउँछन् ।

जनस्वास्थ्यविद् डा. रिता थापा निजी अस्पतालमा १० प्रतिशत नि:शुल्क शैयालाई पारदर्शी बनाउँदै सरकारी अस्पतालमा विपन्नका लागि १०० प्रतिशत नि:शुल्क उपचार हुनुपर्ने बताउँछिन् । स्वास्थ्य विमालाई प्रभावकारी बनाउनु पर्ने उनको सुझाव छ ।

अक्सफाम इन्टरनेसनलको पछिल्लो प्रतिवेदन अनुसार नेपालका सबैभन्दा धनी एक प्रतिशत व्यक्तिसँग सबैभन्दा गरिब ५० प्रतिशत मानिसको भन्दा ५१९ गुणा बढी सम्पत्ति छ । उच्च सार्वजनिक ओहोदामा बसेका अधिकांश व्यक्तिहरू सर्वाधिक धनी मध्येमा पर्छन् । सरकारले २०६२/०६३ सालयता सार्वजनिक पद धारण गरेका प्रमुख राजनीतिक पदाधिकारी र उच्चपदस्थ कर्मचारीको सम्पत्ति विवरण सङ्कलन तथा छानबिन गर्न सम्पत्ति जाँचबुझ आयोग गठन गरेको छ ।

एक वर्षे समयावधी पाएको यो आयोगले निष्पक्ष र प्रभावकारी तरिकाले सत्यतथ्य बाहिर ल्याउने हो भने सुशासनमा एउटा कोशेढुंगा बन्नसक्ने जानकारहरू बताउँछन् । गठन आदेशमा सीमित नराखी ऐनमार्फत बलियो बनाउनु पर्ने विज्ञहरूको सुझाव छ ।

मालपोत, राहादानी विभाग, जिल्ला प्रशासन कार्यालय जस्ता सेवाग्राहीको भिडभाड हुने निकायमा विचौलिया निषेध गर्दै सेवा प्रवाहलाई चुस्तदुरुस्त पार्ने प्रयासले सकारात्मक प्रतिक्रिया आएका पाएका छन् । यसको निरन्तरताको भविष्यवाणी अहिले गर्नु छिटो हुन्छ । तर एक सय रुपैयाँ भन्दा बढीको घरायसी सामान ल्याउँदा समेत भन्सार लाग्ने व्यवस्थाको भने कडा आलोचना भइरहेको छ ।

रास्वपा सरकारले सिण्डिकेट र दलीयकरणको जरा काट्ने यत्न गरेको देखिन्छ । कुनै दलको सदस्य नलिने नागरिक बाँच्नै नसक्ने अवस्थालाई चुनौती दिने संकेत गरेको छ । अरुको हटाएर आफ्नो भर्ती नगर्ने परीक्षा भने यसको सामु छँदैछ ।

कर्मचारी युनियन, विद्यार्थी संगठन खारेज जस्ता निर्णयलाई कतिले स्वागत गरेका छन् भने कतिले विरोध । सुकुमवासी बस्ती हटाउने निर्णयको पनि मिश्रित प्रतिक्रिया आइरहेका छन् । मानवीयता र मानवअधिकारको दृष्टिकोणबाट हेर्दा आलोच्य देखिएको यो कदम कानुन पालना र कार्यकारीको निर्णयको अधिकारको हिसाबले स्वागतयोग्य भएको धेरैको टिप्पणी छ ।

वरिष्ठ अधिवक्ता र ाजुप्रसाद चापागाईं सुकुमवासी हटाउन सरकारले जे जे गऱ्यो त्यससँग सहमत छैनन् । उनी भन्छन्, 'पहिले उठिवास र त्यसपछि प्रमाणीकरण गर्नु भनेको पहिलो दण्ड सजाय भोगाएर अनुसन्धान गर्ने भने जस्तो हो ।' सुकुमवासी सम्बन्धी विषय नयाँ होइन । यसलाई कसरी हल गर्ने भन्ने सन्दर्भमा संविधान र कानुनी व्यवस्था छन् । संविधान र भूमि सम्बन्धी अन्य कानुनहरूले भूमिहीन दलित र भूमिहीन सुकुमवासीलाई कसरी जग्गा उपलब्ध गराउने भनेर प्रष्ट व्याख्या गरेका छन् । अव्यवस्थित बसोवासीलाई कसरी व्यवस्थित गर्ने भन्ने सन्दर्भमा पनि कानुनको अभाव छैन ।

तर, यो समस्या हल गर्ने क्रममा सरकारले आफूहरूमाथि मानोवचित व्यवहार नगरेको भूमिहीनहरूको गुनासो छ । संयुक्त राष्ट्रिय सुकुमवासी मोर्चाका उपाध्यक्ष पवन गुरुङ थापाथाली, गैरीगाउँ र मनोहराका बस्ती हटाउँदाको प्रक्रियालाई अपूरो र त्रूटिपूर्ण भन्न रुचाउँछन् । अघिल्लो दिन माइकिङ गरेर भोलिपल्टै प्रहरीले घेरा हालेर उठिबास लगाउने शैली मानवीय नभएको उनको भनाइ छ ।

गुरुङ भन्छन्, 'हाम्रो बस्ती भत्काउनुभन्दा पहिले वास्तविक सुकुमवासीको प्रमाणीकरण गरिनुपर्थ्यो । प्रमाणीकरण गरिसकेपछि तपाईंहरू यहाँ जानुस् भनेर उचित स्थानमा सारिएको भए त्यो कदम स्वागतयोग्य हुन्थ्यो ।' सरकार सबैको अभिभावक हो । उसको क्रियाकलाप वैधानिक र मान्य पनि हुनुपर्दछ । यससन्दर्भमा बेलायतका एक जना प्रधानन्यायाधीश लर्ड हेवर्टले भनेका थिए, न्याय गरेर मात्र पुग्दैन, न्याय दिएको पनि देखिनु पर्दछ ।

सरकारले छिटो गर्ने नाममा जे गरिरहेको छ त्यसले कहिले वैधानिकता त कहिले स्विकारोक्तिको प्रश्न जन्माएको छ । अध्येता रामचन्द्र श्रेष्ठ सरकार सक्रिय तर कता जाने हो भन्ने अलमलमा देखिएको बताउँछन् । बुटवललाई कार्यक्षेत्र बनाएका अध्येता श्रेष्ठ भन्छन्, 'सरकार एकदमै एक्सन ओरिन्टेड देखिन्छ । तर संवाद र संसद्बाट स्विकारोक्ति नहुँदा यसको दिशा कता हो भन्नेमा अलमल र रहस्यमयी बन्न पुगेको छ ।'

संविधानविद् डा. विपिन अधिकारी सुकुमवासीको सन्दर्भमा सर कारले राम्रो शुरुआत गरेको बताउँछन् । कतिपय सन्दर्भमा आलोच्य भए पनि सरकारले गर्नैपर्ने काम गरेको उनको बुझाइ छ ।

सरकारले शासकीय सुधारका सय बुँदामा दुई महिनाभित्र लगत संकलन र प्रमाणीकरण सक्ने र एक हजार दिनभित्र जग्गा उपलब्ध गराउने प्रतिबद्धता जनाएको थियो । सरकारले त्यसै अनुसार काम गरेको देखिएको डा. अधिकारी बताउँछन् । उनी भन्छन्, 'प्रधानमन्त्रीले सरकारले गरेको घोषणा र पार्टीको वाचापत्र अनुसार काम गरेको देखिन्छ ।'

यद्यपि सरकारको कतिपय क्रियाकलाप 'हतारको काम लतरपतर' जस्तो देखिएको डा. अधिकारीको निश्कर्ष छ । जस्तो पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखक लगायतलाई पक्राउ गर्दा कानुनी प्रक्रिया पुरा नगरेको उनी बताउँछन् ।

संविधानविद् डा. अधिकारी भन्छन्, 'मैले त्यतिबेला पनि भनेको थिएँ, अहिले पनि भन्छु- पूर्व प्रधानमन्त्री र पूर्वगृहमन्त्री लगायतमाथि गरिएको धरपकड गैर कानुनी हो ।'

नियत गलत नहुन सक्छ तर सरकारले संविधान र अन्य प्रचलित कानुनको ख्याल गरेको नदेखिएको सरोकारवालाहरू बताउँछन् । संविधानले स्पष्ट रुपमा प्रदेश र स्थानीय तहलाई एकल अधिकार दिएको क्षेत्रमा समेत संघीय सरकारले केन्द्रितकृत शासन व्यवस्था सम्झाउने गरी फर्मान जारी गरेको भन्दै विज्ञ तथा सरोकारवालाले विरोध गरे ।

संविधानको अनुसूची-८ मा आधारभूत र माध्यमिक तहको शिक्षाको सम्पूर्ण अधिकार स्थानीय सरकारलाई दिएको छ । संघीय सरकारले विद्यालय कहिले खोल्ने ? कति दिन खोल्ने मात्र होइन परिक्षा सञ्चालन गर्ने निर्देशन समेत आफैंले दियो । त्यसपछि नेपाल नगरपालिका संघ र राष्ट्रिय गाउँपालिका महासंघले संघीय सरकारका शिक्षा मन्त्रीलाई भेटेर यसको कडा विरोध मात्र जनाएन, असंवैधानिक निर्देशन दिएको भन्दै धमाधम अवज्ञा गरे ।

सरकारले वैशाख २१ गतेपछि मात्र विद्यालय खोल्नु भने पनि अधिकांश विद्यायलयहरू सञ्चालनमा आइसकेका छन् ।

सरकारको अपरिपक्वता संघीय संसद् अधिवेशन बोलाउने बेलामा देखियो । सरकारले वैशाख ८ गते सदनको अधिवेशन आव्हान गर्न राष्ट्रपतिलाई सिफारिस गरेको थियो । वैशाख ९ गते राष्ट्रपतिले अधिवेशन आव्हान गरे । तर त्यसको भोलिपल्टै सरकारले दुबै सदनको अधिवेशन स्थगित गर्न सफारिस गरे ।

संसदीय मामिलाका जानकारहरू सरकारको यस्तो निर्णयलाई अपरिपक्व वा तयारी नपुगेको मात्र भन्न नमिल्ने बताउँछन् । सरकारले सदन छलेर आफूखुशी अध्यादेश ल्याउन यसरी हठात् अधिवेशन अन्त्य गरेको विगतका थुप्रै दृष्टान्तहरू छन् । सदनमा दुई तिहाई नजिक मत भएको र विगत दलभन्दा फरक हौं भन्ने पार्टीबाट यस्तो कुराको अपेक्षा गरिँदैन ।

एक महिना पुरा नहुँदै सरकारले दुई जना मन्त्रीलाई बिदा गर्नुपऱ्यो । कारण जे भए पनि गृहमन्त्री सुधन गुरुङ र श्रममन्त्री दीपक साहको बहिर्गमनले निर्विवादित हुन दिएन । एक हिसाबले हेर्दा यसलाई सरकारको शून्य सहनशीलता नीति भन्न सकिन्छ । अर्को हिसाबले गलत व्यक्तिको चयन पनि हो ।

आफ्नो वाचा अनुसारै सरकारले संविधान संशोधन बहसपत्रका लागि कार्यदल गठन गऱ्यो । विगतका संवैधानिक आयोगहरू विश्वेश्वरप्रसाद कोइराला, सूर्यनाथ उपाध्याय, ऋषिकेश शाह, अनिरुद्रप्रसाद सिंह, लक्ष्मण अर्याल, विश्वनाथ उपाध्याय जस्ता व्यक्तिहरूले गरेका थिए । यसपटक सरकारले प्रशासनिक बनाएको कतिपयको आलोचना छ ।

संविधानविद् डा. विपिन अधिकारी भने शुरुआती मस्यौदाका लागि बनेको कार्यदललाई सकारात्मक रुपमा लिनुपर्ने बताउँछन् । लामो राजनीतिक अस्थिरता बीच बनेको सरकारप्रति जनताको ठूलो आशा र भरोसा रहेको बताउँछन्, समाजशास्त्री अजय यादव ।

जनकपुरस्थित रामस्वरुप रामसागर बहुमुखी क्याम्पसमा अध्यापन गर्दै आएका यादव दशकौंदेखि निराश जनताले एक जना व्यक्तिमा आशा देखेर मतदान गरेका थिए । 'त्यसैकारण जनतामा आकांक्षा धेरै छ । सरकारको अहिलेसम्मको काम हेर्दा राम्रै गरेको देखिन्छ,' समाजशास्त्री यादव भन्छन्, 'जोश बढी र होस कम देख्छु त्यसलाई सन्तुलन मिलाएर अगाडि बढ्नुपर्छ ।'

*(स्रोत: अनलाइनखबर)*

# संगम साहित्य उत्सव सम्पन्न



साझाकुरा संवाददाता

हेटौंडा, १३ वैशाख/ साहित्य संगम मकवानपुरको *संगम साहित्य उत्सव* विभिन्न कार्यक्रम गरी सम्पन्न भएको छ ।

संगमले स्रष्टा सम्मान, बहस, बहुभाषिक कवि गोष्ठी र नवसर्जक कवि गोष्ठी गरी शुक्रबार र शनिबार भएको दुई दिने उत्सव सम्पन्न गरेको हो ।

स्रष्टा सम्मान कार्यक्रममा कवि नरेन्द्र परासरलाई भेषनाथ स्मृति साहित्य सम्मान प्रदान गरिएको छ । विशाल अधिकारी आशुतोषले आफ्ना पिताको स्मृतिमा स्थापना गर्नुभएको १५ हजार ५ सय ५५ रुपैयाँ नगद राशिसहितको सम्मान कवि परासरलाई प्रदान गरिएको हो । लघुकथाकार श्याम श्रेष्ठलाई नगद ११ हजार १ सय ११ रुपैयाँ नगदसहित विनोद-सुनिता सुवेदी साहित्य सम्मान प्रदान गरिएको छ । नगद १० हजार रुपैयाँको मङ्गलादेवी स्मृति नारी सम्मान साहित्यकार कल्पना पौडेल जिज्ञासुलाई प्रदान गरिएको छ ।

कवि तथा गीतकार श्यामकुमार बानियाँलाई मकवानपुर साहित्यश्री सम्मान प्रदान गरिएको छ । तत्कालीन जिल्ला विकास समितिले स्थापना गरेको यस सम्मानसहित कवि बानियाँलाई १५ हजार ५ सय ५५ रुपैयाँ नगद प्रदान गरिएको छ । यस्तै, अग्रज साहित्यकार स्नेह सायमीलाई १५ हजार ५ सय ५५ रुपैयाँ नगदसहित पारिजात स्मृति साहित्य सम्मान प्रदान गरिएको छ । कार्यक्रममा मुक्तककार दिनेश शर्मालाई १० हजार नगदसहितको मुक्ति तारा साहित्य सम्मान प्रदान गरिएको छ ।

कार्यक्रममा २०८२ सालभित्र प्रकाशित कृतिका कृतिकार हरुलाई पनि सम्मान गरिएको छ । कार्यक्रममा राजाराम बर्तौलालाई काठमाडौं प्याराडाइज (यात्रा संस्मरण), एसआर मञ्जरीको मञ्जरी (मुक्तक संग्रह), खनित गणेशको लाफा (उपन्यास), छवि अनित्यको बाल महाभारत (बाल आख्यान), तुलसी घिमिरेको काव्य सुधा (कविता संग्रह), गोविन्द गिरी प्रेरणाको अविधा (कथा संग्रह), सुमि थिङको जीवनको गोरेटो (मुक्तक संग्रह), कल्पना श्रेष्ठको निलो हस्ताक्षर (कविता संग्रह) कृतिका लागि सम्मान गरिएको छ ।

नेपाली कवितामा वक्रोक्ति शीर्षकमा विद्यावारिधी उपाधि प्राप्त गर्न सफल साहित्यकार विश्वनाथ सञ्जेललाई पनि सम्मान गरिएको छ । साहित्य सङ्गम मकवानपुरका आजीवन सदस्यहरुलाई प्रमाणपत्र प्रदान गरिएको छ । कार्यक्रममा मकवानपुरका सेवानिवृत्त शिक्षकहरुसँग मनका कुरा, जीवनका कुरा शीर्षकमा बहस गरिएको थियो ।

साहित्य सङ्गम मकवानपुरका उपाध्यक्ष मनोज पोखरेलले सहजीकरण गर्नुभएको कार्यक्रममा सेवानिवृत शिक्षकहरु रमेशप्रसाद लामिछाने तथा देवप्रसाद श्रेष्ठसँग आफ्ना जीवनका भोगाइ र वर्तमान परिप्रेक्ष्य बारे छलफल भएको थियो ।

# किवानिज मकवानपुरको पद हस्तान्तरण




साझाकुरा संवाददाता

हेटौंडा, १३ वैशाख/ १८ वर्षमुनिका बालबालिकाको क्षेत्रमा काम गरिरहेको अन्तर्राष्ट्रिय संस्था किवानिज क्लब मकवानपुरको सन् २०२५-२६ का लागि पद हस्तान्तरण कार्यक्रम सम्पन्न भएको छ ।

किवानिज क्लब मकवानपुरका पूर्वअध्यक्ष माधव गौतमको सभाध्यक्षतामा भएको कार्यक्रममा सन २०२५-२६ का लागि नवनिर्वाचित अध्यक्ष गोबिन्दप्रसाद प्याकुरेललाई पद हस्तान्तरण गरिएको हो । क्लबका अध्यक्ष पवन खड्का सवारी दुर्घटनामा घाइते भइ हाल काठमाडौंमा उपचारत रहेका छन् । प्याकुरेलको नेतृत्वमा प्रेसिडेन्ट ईलेक्टमा भानुभक्त आचार्य, उपाध्यक्ष पूर्णप्रसाद अर्याल, सचिव ईश्वर रिजाल चयन भएका छन् ।

किवानिज क्लब ईन्टर नेश्नलका ट्रस्टी मोहन लम्सालको प्रमुख आतिथ्य तथा नेपालका गभर्नर ईलेक्ट रामहरि सुबेदीको बिशिष्ट आतिथ्यमा पद हस्तान्तरण कार्यक्रम सम्पन्न भएको हो । हरेक महिनाको अक्टोवरबाट नेतृत्व परिवर्तन गर्ने यो क्लबको विधान भएपनि प्राबिधिक कारणले केही समय ढिलाई भएको बताइएको छ ।

कार्यक्रममा किवानिज क्लब नेपालका भाइस गभर्नर भरत प्रसाद ढुँगेल, लेफ्टिनेन्ट गर्भनर ईलेक्ट ज्योतिरत्न बज्राचार्य, किवानिज क्लब मकवानपुरका चाटर्ड प्रसिडेन्ट तीर्थराज पराजुली, सी आशा फाउण्डेसनका अध्यक्ष बालकृष्ण चौलागाईलगायतले शुभकामना ब्यक्त गरेका थिए । कार्यक्रममा किवानिज क्लब हेटौंडाका पूर्वअध्यक्ष गंगाप्रसाद पौडेल, सुवर्णकेशर लामिछाने, अधिवक्ता ललिता श्रेष्ठ, सी आशा पाठशालाकी प्रवन्धक प्रतिमा बस्नेत लगायतको सहभागिता थियो ।

कार्यक्रममा सी आशा पाठशालाका बालबालिकाको लागि ३ लाख ५० हजार रुपैयाँको फुड सप्लीमेन्ट्री हस्तान्तरण गरिएको थियो । काठमाडौं महानगरपालिका र किवानिज क्लब निलगिरिको सहयोगमा क्लबका भाइस गभर्नर भरतप्रसाद ढुँगेलको संयोजनमा सि आशा पाठशालाका बालबालिकालाई फुड सप्लीमेन्ट्री प्रदान गरिएको हो । विगत वर्षमा पनि यस्तै सहयोग किवानिज क्लब मकवानपुरले संयोजन गर्दै आएको थियो ।

# आँचल शर्मा अभिनीत 'एक मुट्ठी बादल'को ट्रेलरमा के छ ?

काठमाडौं/सहारा शर्माको लेखन तथा निर्देशनमा बनेको फिल्म 'एक मुट्ठी बादल'को ट्रेलर सार्वजनिक गरिएको छ । आगामी जेठ १ गतेबाट प्रदर्शनमा आउन लागेको यस फिल्मको आइतबार काठमाडौंमा एक कार्यक्रमका बीच २ मिनेटभन्दा लामो मर्मस्पर्शी ट्रेलर दर्शकमाझ ल्याइएको हो । ट्रेलरले फिल्मको कथावस्तु र केन्द्रीय द्वन्द्वबारे प्रकाश पारेको छ ।

अभिनेत्री आँचल शर्मालाई केन्द्रमा राखिएको ट्रेलरमा एउटा संयुक्त परिवारको कथा प्रस्तुत गरिएको छ, जहाँ विवाहको तयारी चलिरहेको देखिन्छ । तर, बेहुली बन्न लागेकी युवती भने खुसी देखिन्नन् । त्यही क्रममा एक घटनाले परिवारमा द्वन्द्व सिर्जना भएको देखिन्छ । ट्रेलरले समग्रमा फरक पुस्ताबीचको वैचारिक टकराव र व्यक्तिगत आकांक्षालाई उजागर गर्ने प्रयास गरेको छ ।

यस फिल्ममा आँचलसहित निशा शर्मा, उषा रजक, भिमा मैनाली, अस्मिता गौतम, शेखर चापागाईं, मनिष निरौला, सहयोग अधिकारी, गौरव विष्ट, अविर लप्रताप अधिकारी लगायतका कलाकारहरूको अभिनय रहेको छ । नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानकी कुलपति समेत रहेकी निशा करिब तीन दशकपछि यही फिल्ममार्फत अभिनयमा फर्किएकी हुन् । गौंथली इन्टरटेनमेन्ट र मन प्रडक्सनले निर्माण गरेको फिल्ममा अभिमन्यु दीक्षित निर्माता तथा निकुन श्रेष्ठ कार्यकारी निर्मातामा छन् । निर्माण टोलीमा जर्मनका सारा फाजिलात, सामीप्य राज तिमल्सेना र अनुप पौडेल पनि रहेका छन् । थाइल्यान्डको ह्वाइट लाइटले कलर ग्रेडिङ गरेको यस फिल्ममा भियतनामकी लिन्ह डान गुयेन फानको छायांकन तथा भारतकी दीपा भाटियाको सम्पादन छ ।

# अतिक्रमित क्षेत्रका संरचनामा देशभर चल्दैछ डोजर

काठमाडौं/राजधानी उपत्यकाभित्रका सुकुमवासी बस्तीहरू भत्काउन अग्रसरता देखाएको सरकारले देशका अन्य भूभागमाका पनि अतिक्रमित पनि डोजर चलाउँदैछ । स्थानीय सरकार, प्रशासन एवं अन्य निकायहरूबाट अव्यवस्थित बसोबास, अतिक्रमण संरचना र सुकुमवासी वस्तीहरू हटाउने प्रक्रिया अगाडि बढाइएको छ ।

गृह प्रशासन स्रोतका अनुसार जिल्ला प्रशासन कार्यालय मार्फत अतिक्रमित क्षेत्रको लगत संकलन कार्य तीव्र पारिएको छ । 'अतिक्रमित भूमिको लगत संकलन गरेर त्यस्ता संरचनामा हटाउने कार्य गर्नु भनेर माथिबाट निर्देशन आएको छ,' एक जना प्रमुख जिल्ला अधिकारीले भने, 'निर्देशन बमोजिम अतिक्रमित क्षेत्रहरुको लगत संकलन कार्य भइरहेको छ ।'

काठमाडौं महानगरका पूर्वमेयर बालेन्द्र शाह प्रधानमन्त्री निर्वाचित भए लगत्तै जारी १०० बुँदे कार्यसूचीमै अतिक्रमित भूमि कब्जा तत्काल हटाउने प्रतिबद्धता गरिएको थियो ।

'सार्वजनिक जग्गाको संरक्षण तथा अतिक्रमण नियन्त्रण गर्न डिजिटल अभिलेख तयार गर्ने, निगरानी प्रणाली सुदृढ गर्ने तथा अवैध कब्जा हटाउने कार्य तत्काल प्रारम्भ गर्ने,' प्रतिबद्धताको ९२ नम्बरमा भनिएको छ, 'नयाँ अतिक्रमणमा कडाइका साथ रोक लगाउने र अवैध कब्जा हटाउने विशेष अभियान सञ्चालन गर्ने ।'

प्रतिबद्धतामा ६० दिनभित्र लगत संकलन गरिसक्ने र एक हजार दिनभित्र भूमिहीन तथा अव्यवस्थित बसोबासीको समस्या हल गर्ने प्रतिबद्धता जनाएको सरकारले शनिबार (१२ वैशाख) देखि राजधानीभित्रका सुकुमबासी वस्तीहरूमा डोजर चलायो ।

यसका निम्ति गृहमन्त्रीको जिम्मेवारी आफैं सम्हालिरहेका प्रधानमन्त्री बालेनले सुरक्षा निकायका प्रमुखहरूलाई बुधबार निर्देशन दिएका थिए । प्रधानमन्त्री बालेनकै अग्रसरतामा राजधानीमा डोजर चल्दा अन्य शहरहरूमा भने संघ सरकारको निर्देशन अथवा साथ पाउने विश्वासकै आधारमा डोजर चलिरहेको छ । विराटनगर, दुहवी, वीरगञ्ज, बुटवल, पोखरा लगायत शहरहरूमा डोजर चलाउने निकाय भने एउटै छैन । कतै प्रदेश, कतै स्थानीय सरकार र कतै अरु निकायको अग्रसरतामा डोजर चलाइदैछ ।

**प्रदेश सरकार सक्रिय**

मधेश प्रदेशका शहरहरूमा प्रदेश सरकारको निर्देशन बमोजिम डोजर चलिरहेको छ । डोजर चलेको पर्साको वीरगञ्ज र सखुवा प्रसौनी, धनुषाको मिथिला नगर पालिका र शहीदनगर नगर पालिकाले प्रदेश सरकारको निर्देशनलाई आधार मान्यो ।

गत चैत २२ गते मधेश प्रदेशका गृह सञ्चार तथा कानुन मन्त्रालयले १३६ वटै स्थानीय तहलाई पत्राचार गरी फुटपाथमा अतिक्रमित गरी बनाइएको संरचनाहरू हटाउन निर्देशन दिएको थियो । निर्देशन बमोजिम जनकपुरको फुटपाथ बजार, पेठिया बजार, मुरली चोक, मिल्स एरिया लगायतको क्षेत्रबाट अतिक्रमित संरचना हटाइएको छ ।

पर्साको सखुवा प्रसौनी गाउँपालिका-५ मा रहेका ३८० वटा घरटहरामा डोजर चलाइएको छ । यो वस्तीमा डोजर चलाउन प्रदेश गृहमन्त्री फकिरा महतो आफैंले अग्रसरता देखाएका थिए ।

गण्डकी नहर किनारमा रहेको गुठीको जग्गा अतिक्रमण गरेर बस्ती राखिएकाले डोजर चलाइएको प्रदेश सरकारले प्रष्टोक्ति दिएको छ । घरटहरा भत्काउन एकैपटक सात वटा डोजर प्रयोग गरिएको गाउँगपालिका अध्यक्ष जसवन्त यादवले बताए । यही पालिकाको मधुवनमा रहेको वस्तीमा पनि डोजर चलाएको छ ।

२९ बिघा क्षेत्रमा रहेको ४५ वटा घर भत्काउन तीन सय भन्दा धेरै संख्यामा प्रहरी र सशस्त्र प्रहरी परिचालन गरिएको थियो । मन्त्री महतोका अनुसार यो वस्तीमा जम्मा एक घर परिवार मात्र सुकुमबासी छन्, जसलाई पुनर्स्थापनाको प्रयत्न भइरहेको छ ।

*(स्रोत: अनलाइनखबर)*

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

### नेपाल जग्गा तथा आवास विकास महासंघद्वारा २५ बुँदे भरतपुर घोषणापत्र जारी

# विकासमा निजी क्षेत्रको सहभागिता विस्तार गर्न माग

साझाकुरा संवाददाता

हेटौँडा, १३ वैशाख/ नेपाल जग्गा तथा आवास विकास महासंघको चौथो वार्षिक महासभाले रियल इस्टेट व्यवसायसँग सम्बन्धित विभिन्न संघ-संस्थाहरूले क्षेत्रको सुधार, लगानी प्रवर्द्धन र नीतिगत स्पष्टताका लागि २५ बुँदे भरतपुर घोषणापत्र २०८३ जारी गरेको छ ।




महासंघले विद्यमान कानुनी तथा प्रशासनिक जटिलताका कारण क्षेत्र प्रभावित भएको भन्दै सरकारसँग तत्काल सुधारका कदम चाल्न आग्रह गरेको छ ।

जारी घोषणापत्रमा रियल इस्टेट कम्पनीहरूलाई जग्गाको हदबन्दी नलाग्ने व्यवस्था गर्न सम्बन्धित कानुन संशोधन गर्नुपर्ने प्रमुख माग राखिएको छ । यस्तै, कित्ताकाट सम्बन्धी समस्याको दीर्घकालीन समाधानका लागि स्पष्ट नीतिगत व्यवस्था आवश्यक रहेको उनीहरूको भनाइ छ ।

संयुक्त तथा सामूहिक आवासका साझा क्षेत्रहरू व्यवस्थापन समितिमा विना कर दस्तुर नामसारी तथा स्वचालित हस्तान्तरणको व्यवस्था गर्नुपर्ने, जग्गा तथा आवाससम्बन्धी एकीकृत नीति तथा कानुन निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्ने माग पनि अघि सारिएको छ । साथै, प्लानिङ पर्मिट प्रणालीलाई एकद्वार प्रणालीमार्फत् सरल बनाउँदै कर सहुलियतसहित लागू गर्न आग्रह गरिएको छ ।

व्यवसायीहरूले निजी गुठी जग्गा कारोबार तथा बाटो विस्तारसँग सम्बन्धित अव्यावहारिक प्रतिबन्ध हटाउनुपर्ने, भू-उपयोग ऐनलाई समयानुकूल संशोधन गर्नुपर्ने र जग्गा दर्ता प्रणालीलाई स्थायी तथा पूर्वानुमानयोग्य बनाउने नीति अवलम्बन गर्नुपर्ने बताएका छन् ।

अचल सम्पत्ति कारोबारमा कानुनी स्पष्टता ल्याई बैंकिङ सुरक्षण सुनिश्चित गर्ने, देशभर यथार्थ मूल्याङ्कन प्रणाली लागू गर्ने र विदेशी नागरिकलाई नेपालमा अपार्टमेन्ट खरिद गर्न दिने व्यवस्था मिलाउनुपर्ने माग पनि समावेश छन् । गैरआवासीय नेपालीलाई नेपाली नागरिकसरह घरजग्गा खरिदको अधिकार दिनुपर्ने उनीहरूको भनाइ छ ।

त्यसैगरी, ल्याण्ड पुलिङ तथा हाउस पुलिङ कार्यक्रम सञ्चालनका लागि स्पष्ट मापदण्ड तय गर्नुपर्ने, समावेशी र दीगो सहरी विकासका लागि एकीकृत सहरी विकास ऐन जारी गर्नुपर्ने तथा भूमिसम्बन्धी विभिन्न कानुनहरू एकीकृत गरी भूमिसंहिता ल्याउनुपर्ने माग राखिएको छ ।

रियल इस्टेट क्षेत्रलाई अन्य उद्योगसरह मान्यता दिई सहुलियत ऋण उपलब्ध गराउनुपर्ने, स्मार्ट सिटी तथा आधुनिक शहरी विकासमा निजी क्षेत्रको सहभागिता सुनिश्चित गर्नुपर्ने तथा स्थानीय निकायका शुल्कहरू व्यवसायी र व्यक्तिगत दुवैका लागि समान बनाउनुपर्ने उनीहरूको माग छ ।

यस्तै, मालपोत तथा नापी कार्यालयहरूमा डिजिटल प्रणालीमार्फत् पारदर्शी र छिटो सेवा प्रवाह सुनिश्चित गर्नुपर्ने, दीर्घकालीन परियोजनाका लागि कर्जा प्रवाह निरन्तर हुनुपर्ने तथा कालोसूची सम्बन्धी अव्यावहारिक प्रावधान हटाउनुपर्ने उल्लेख गरिएको छ ।

व्यक्तिगत जमानीसम्बन्धी प्रावधानलाई व्यावहारिक बनाउनुपर्ने, रजिस्ट्रेसन दस्तुर घटाई यथार्थ मूल्याङ्कनमार्फत् राजश्व वृद्धि गर्नुपर्ने र जलवायु अनुकूल सहरी विकास परियोजनामा अन्तर्राष्ट्रिय कोषबाट अनुदान ल्याउने व्यवस्था मिलाउनुपर्ने माग पनि समेटिएका छन् ।

व्यवसायीहरूले रियल इस्टेट क्षेत्रमा लगानी प्रवर्द्धनका लागि संस्थागत संरचनाहरू सुदृढ बनाउने प्रतिबद्धतासमेत व्यक्त गरेका छन् । उनीहरूले यी मागहरू सम्बोधन भएमा देशको सहरी विकास, रोजगारी सिर्जना तथा आर्थिक गतिविधिमा उल्लेखनीय सुधार आउने विश्वास व्यक्त गरेका छन् ।

महासभा चितवनमा नारायणी जग्गा तथा आवास व्यवसायी संघको व्यवस्थापनमा भएको थियो । महासभामा देशभरका ५४ जिल्लाबाट करिब ५०० प्रतिनिधिको सहभागिता थियो भने रियल इस्टेट क्षेत्रका वर्तमान अवस्था, चुनौती र आगामी नीतिगत दिशाबारे गहन छलफल भएको थियो ।

# बागमतीमा सभामुख चयनको प्रक्रिया अन्यौल



साझाकुरा संवाददाता

हेटौँडा, १३ वैशाख/ सत्तारुढ दलबीच सहमति नहुँदा बागमती प्रदेशसभाको सभामुख चयन प्रक्रिया अन्योल बनेको छ । रिक्त सभामुख पदमा सत्तारुढ नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) ले दाबी नछाडेपछि सहमति कायम हुन सकेको छैन ।

बागमती प्रदेशसभाका सभामुख भुवनकुमार पाठकले जेनजी आन्दोलनलगत्तै गत असोज १ गते सभामुख पदबाट राजीनामा दिएपछि सभामुख पद रिक्त भएको थियो । प्रदेशसभाको बैठक बसेको १५ दिनभित्र सभामुख चयन गर्नुपर्ने संवैधानिक व्यवस्था छ ।

यही वैशाख ८ गते सभामुख चयनका लागि प्रक्रिया अघि बढाउने तयारी भएपनि दलहरूबीच सहमति नभएकाले ढिला भएको नेपाली कांग्रेस बागमती प्रदेशसभा संसदीय दलका सचेतक पुकार महर्जनले बताए ।

रिक्त सभामुख पदका लागि सत्तारुढ र प्रतिपक्ष दलहरूले दाबी गर्दै आएका छन् । प्रदेशसभाको सबैभन्दा ठूलो दलको हैसियतले आफ्नो पार्टीले सभामुख पाउनुपर्ने दाबी गर्नु स्वभाविक भएको कांग्रेस बागमती प्रदेशसभा संसदीय दलका सचेतक महर्जनले बताए । 'एमालेले पनि सभामुखको दाबी गरिरहेको छ, हामीले सत्तारुढ दलको बीचमा सहमति कायम गरेर अघि बढ्न चाहिरहेका छौं', उनले भने, 'ठूलो दलको नाताले कांग्रेसलाई सभामुख दिनुपर्छ भन्ने हो ।'

सत्तारुढ दलबीच सहमति गरेर अघि बढ्ने उनको भनाइ छ । अर्को सत्तारुढ दल एमालेले कांग्रेसबाट मुख्यमन्त्री भएकाले सभामुख आफ्नो दलले पाउनुपर्ने दाबी गरेको छ । एमाले संसदीय दलका प्रमुख सचेतक एकालाल श्रेष्ठले कांग्रेसबाट मुख्यमन्त्री भएकाले सभामुखमा आफ्नो दलको दाबी रहेको बताउँदै त्यसमा दुई दलबीच कुनै विवाद नरहेको उल्लेख गरे । प्रदेशसभामा प्रतिनिधित्व गर्ने सबै दलबीच सहमति कायम गरेर सहमतिका आधारमा सभामुख चयन गर्न खोजेकाले केही ढिलाइ भएको उनको भनाइ छ ।

नेपाली कम्युनिष्ट पार्टीका नेता शालिकराम जम्कट्टेलले सरकार र सदनबीच सन्तुलन कायम राख्न प्रमुख प्रतिपक्ष दलको हैसियतले आफ्नो पार्टीले सभामुख पाउनुपर्ने बताए । सभामुखमा आफ्नो दलको दाबी रहेको बताउँदै उनले सत्तापक्षबीच सहमति नभए आफ्नो दलले सभामुखमा उम्मेदवारी दिने उल्लेख गरे ।

'हामीले सत्तारुढ दललाई तपाईं सरकार चलाउनूस्, सदनको नेतृत्व हामीलाई दिनूस् भनिरहेका छौं', नेता जम्कट्टेलले भने, 'शक्ति सन्तुलनका लागि प्रतिपक्षको दाबी स्वभाविक हो, यसले एउटा राम्रो सन्देश जान्छ । सत्तारुढ दलबीच कुरा मिल्यो भने ठिकै छ, नत्र हामीले उम्मेदवारी दिन्छौं ।' राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले सभामुखमा आफ्नो पार्टी पनि दाबी गरेको छ । राप्रपा संसदीय दलका नेता उद्धव थापाले आफ्ना पार्टीबाट सभामुख भएका पाठकले राजीनामा दिएकाले पुन: सभामुख आफ्नो दलले पाउनुपर्ने बताए ।

एकसय चार सदस्यीय बागमती प्रदेशसभामा नेपाली कांग्रेसको ३५, नेकपा एमालेका २५, नेपाली कम्युनिष्ट पार्टीको २६, राष्ट्रिय प्रजातन्त्र पार्टीको १३, नेपाल मजदुर किसान पार्टीका तीन र हाम्रो नेपाली पार्टीका दुई जना प्रदेशसभा सदस्य छन् ।

### ९९ औं राष्ट्रिय फोटो पत्रकारिता दिवस सम्पन्न

# अन्तर्राष्ट्रिय फोटो सम्मेलन गर्ने घोषणा



साझाकुरा संवाददाता

हेटौँडा, १३ वैशाख/ राष्ट्रिय फोटो पत्रकार समूह नेपालद्वारा आयोजना गरिएको ९९ औं राष्ट्रिय फोटो पत्रकारिता दिवस २०८३ को कार्यक्रम सम्पन्न भएको छ ।

उक्त अवसरमा संस्थाले प्रकाशन गरेको वार्षिक फोटो क्यालेन्डर विमोचन गरिएको थियो । साथै 'पर्यटन प्रवर्द्धनमा फोटो पत्रकारको भूमिका' विषयक अन्तर क्रिया कार्यक्रमसमेत आयोजना गरिएको थियो । कार्यक्रममा संस्थाका आजीवन सदस्य तथा वन्यजन्तु फोटोग्राफर स्व. चुङ्वा सेर्पाको स्मृतिमा ३ लाख रुपैयाँ राशिको पुरस्कारको अक्षयकोष स्थापना गरिएको छ ।

प्रमुख अतिथि सूचना तथा प्रसारण विभागका महानिर्देशक छविन्द्र पराजुलीले आगामी दिनमा फोटो पत्रकारहरूसँग सहकार्य गर्दै नेपालको फोटो बैंक स्थापना गरिने र यसले फोटो पत्रकारहरूको रोजगारीमा सहयोग पुग्ने साथै पर्यटनको लागि प्रचारप्रसारको माध्ययमनै फोटो भिडियो भएको बताएका छन् ।

विशिष्ट अतिथि प्रेस काउन्सिल नेपालका सहप्रवक्ता रामसरण बोहराले फोटो कपीराइटको विषयमा बोल्दै फोटो पत्रकारका सिर्जनाहरू अनुमति बिना प्रयोग हुने गुनासो प्रेस काउन्सिलमा आउने गरेको उल्लेख गरे । काठमाडौं फोटोग्राफर संघका अध्यक्ष आनन्द प्रभाकर घिमिरेले दुई संस्थाबीच भाइचारा सम्बन्ध विस्तार गर्दै सहकार्यमा काम गर्नुपर्नेमा जोड दिए ।

पूर्वअध्यक्ष राजभाइ सुवालले एआईको युगअनुसार प्रविधिमैत्री सीप विकासमा ध्यान दिनुपर्ने धारणा राखे । संस्थाका अध्यक्ष प्रदीपराज वन्तले फोटो पत्रकारहरू राज्य तथा सञ्चार गृहबाट समेत पीडित भएको उल्लेख गर्दै जीवन बीमा, स्वास्थ्य बीमा तथा क्यामेरा इन्सुरेन्सको अभावका कारण जोखिम बढी हुने बताए ।

साथै, उनले अन्तर्राष्ट्रिय स्तरमा सहकार्य विस्तार तथा नेपालको पर्यटन प्रवर्द्धनका लागि विभिन्न देशका १०० जना फोटोपत्रकार तथा फोटोग्राफरलाई सहभागी गराई अन्तर्राष्ट्रिय फोटो सम्मेलन आयोजना गरिने घोषणा गरे ।

# हावाहुरीले थाहा-९ माझगाउँमा १९ लाखभन्दा बढी क्षति

साझाकुरा संवाददाता

हेटौँडा, १३ वैशाख/ मकवानपुरको थाहा नगरपालिका-९ माझगाउँमा आएको हावाहुरीका कारण स्थानीय बासिन्दाका घर तथा गोठमा ठूलो क्षति पुगेको छ ।

१२ गते बेलुका करिब ९ बजे आएको हावाहुरीबाट १० जना स्थानीयवासीका घर तथा पशुचौपाया राख्ने गोठमा क्षति पुगेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । यद्यपि, उक्त घटनामा कुनै मानवीय तथा चौपाया क्षति नभएको प्रहरीले जनाएको छ ।



प्राप्त विवरणअनुसार कर्ण बलामीको दुई वटा घरमा जस्तापाता, काठ, फर्निचर, झ्यालढोका तथा अन्नबाली (गहुँ, धान, मकै) लगायत सामग्रीमा करिब १२ लाख रुपैयाँ बराबरको क्षति भएको छ । त्यस्तै, गोपाल बलामीको ट्रस्ट, जस्तापाता, इट्टा र काठमा १ लाख रुपैयाँ बराबरको नोक्सानी भएको छ । घटोकप बलामीको बाख्रा गोठ र घरका संरचनामा १ लाख ५० हजार रुपैयाँ, जनकदास बलामीको घरको छानामा १ लाख रुपैयाँ, बुद्धिबहादुर बलामीको घरमा १ लाख रुपैयाँ बराबरको क्षति भएको प्रहरीले जनाएको छ ।

यसैगरी, कृष्ण बलामी र रमेश बलामीका घरमा क्रमश: ५०/५० हजार रुपैयाँ, राजन बलामीको बाख्रा गोठमा ९० हजार रुपैयाँ, हेमकुमारी बलामीको घरमा ४० हजार रुपैयाँ र ओमबहादुर बलामीको घरको झ्याल तथा सिसामा २५ हजार रुपैयाँ बराबरको क्षति भएको विवरणमा उल्लेख छ ।

उक्त घटनाबाट जम्मा १९ लाख ५ हजार रुपैयाँ बराबरको आर्थिक क्षति भएको प्रहरीले जनाएको छ ।

# निजी क्षेत्रका बजार प्रतिनिधिहरुलाई सचेतना

साझाकुरा संवाददाता

हेटौँडा, १३ वैशाख/ निजी क्षेत्रका व्यावसायिक प्रतिष्ठानहरुमा बजार प्रतिनिधिको रुपमा कार्यरत श्रमिकहरुलाई कानुनी व्यवस्थाका बारेमा श्रम कार्यालय हेटौँडाले सचेतना कार्यक्रम गरेको छ ।

श्रम तथा रोजगार कार्यालय हेटौँडाको आयोजनामा मकवानपुरका विभिन्न निजी क्षेत्रमा कार्यरत करिब २५ जना बजार प्रतिनिधिहरुलाई श्रम ऐनले गरेका श्रमिकका अधिकार, बिदालगायतको व्यवस्थाबारे सहजीकरण गरिएको हो ।

कार्यक्रममा श्रम तथा रोजगार कार्यालय मकवानपुरका प्रमुख रुद्रनारायण झा र सामाजिक सुरक्षा कोषको कार्यालय बाराका प्रमुख सुमन गुप्ताले श्रमिकका अधिकार तथा सामाजिक सुरक्षा कोषमा आबद्धताका विविध पक्षबारे सहजीकरण गरेका थिए ।

जिल्ला समन्वय समितिका प्रमुख ललित घलानको प्रमुख आतिथ्यमा भएको कार्यक्रमका सहभागीहरुले आफ्ना समस्या तथा सामाजिक सुरक्षा कोषमा आबद्ध हुनका लागि आवश्यक ज्ञानबारे अन्तरक्रिया गरेका छन् ।

# नौलो बिहानी कृषि सहकारीको वार्षिकोत्सब सम्पन्न

साझाकुरा संवाददाता

हेटौँडा, १३ वैशाख/ हेटौडा ६ चौघडामा रहेको नौलो बिहानी कृषि सहकारी संस्थाले १७ औ वार्षिकोत्सब मनाएको छ । संस्थाले संस्थाका शेयर सदस्यहरुसंग अन्तरक्रिया कार्यक्रम गरी वार्षिकोत्सव मनाएको हो ।

संस्थाले वार्षिकोत्सबको अवसरमा शेयर सदस्यहरुसंग संस्थाले गरेका कार्यहरुको बारेमा जानकारी गराएको छ । संस्थाले बचत तथा ऋणको मात्रै कारोवार नगरी कृषिसंग सम्बन्धित अदुवा, बेसार, मलको कारोबार गर्दै आएको छ । यसैगरी, पशुपालन, कपाल बनाउने तालिम, झोला बनाउने तालिम, ब्युटिपार्लर लगायत तालिम कार्यक्रम सञ्चालन गर्दै आएको छ ।


संस्था अध्यक्ष विष्णुप्रसाद ढुङ्गानाको सभाध्यक्षतामा भएको कार्यक्रममा संस्थाका निवर्तमान अध्यक्ष भरत सापकोटा, पूर्वअध्यक्ष राजेन्द्र प्रसाद चौलागाई, लेखा संयोजक गोपालचन्द्र भट्टराई, विभिन्न उपस्थितिका सदस्य, शेयर सदस्य, सञ्चारकर्मी, कर्मचारीलगायतको उपस्थिति थियो । संस्थामा हालसम्म चारसय ५८ जना शेयर सदस्य रहेका छन । संस्थाको शेयर पूँजी ६८ लाख ऋण लगानी एककरोड १५ लाख र निक्षेप एककरोड ६५ लाख रहेको संस्थाकी ब्यवस्थापक सरिता खतिवडाले बताइन ।





# आकर्षक घडेरी बिक्रीमा

हेटौँडा वडा नं. १ स्वर्गलोक,
हेटौँडा मोडल अस्पताल पछाडि




सम्पर्क:
९८५१०८९६३४ (मुकुन्द कार्की)
९८४४५०५३४९ (श्री लामा)


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना